प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि

वर्ष १३ | अंक १६२ | काठमाडौं | शुक्रबार, १६ असोज २०८३ | Prabhab National Daily | Friday, 02 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# रवि–बालेन सम्बन्धमा बढ्दो खटपट

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह बालेन र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेबीच खटपट बढ्न थालेको छ । प्रधानमन्त्री बालेनले इन्जिनियर पृष्ठभूमिका सांसदहरूलाई दिएको सुझावको भोलिपल्टै रास्वपाका महामन्त्री विपिन आचार्यले संसद्मा दिएको अभिव्यक्तिले पार्टीभित्र असन्तुष्टि बढ्दै गएको देखाउँछ ।

बुधबार बालेनले प्रतिनिधिसभामा रहेका इन्जिनियर पृष्ठभूमिका सांसदसँग प्रधानमन्त्री कार्यालयमा लामो संवाद गरेका थिए । छलफलका क्रममा उनले सांसदबाट प्रभावकारी संसदीय भूमिका अपेक्षा गरेको बताएका थिए । विधेयक निर्माणदेखि संसद्मा सांसदहरूको भूमिकासम्म छलफल भएको उक्त भेटमा प्रधानमन्त्रीले इन्जिनियर पृष्ठभूमिका सांसदहरूलाई 'एक्स्ट्रा अर्डिनरी' बन्न सुझाएका थिए ।

तर, भोलिपल्टै महामन्त्री आचार्यले संसद्मा भने, 'म औसत क्षमताको इन्जिनियर, एक्स्ट्रा अर्डिनरी बन्न कोसिस गर्दै छु ।'

आचार्यको यो अभिव्यक्तिलाई प्रधानमन्त्री बालेनले पछिल्लो दिन इन्जिनियर सांसदहरूसँग गरेको संवादप्रतिको कटाक्षका रूपमा रास्वपाभित्रै व्याख्या गरिएको छ । प्रधानमन्त्रीको सुझावलाई महामन्त्रीले सार्वजनिक रूपमा चुनौती दिएको अर्थमा समेत कतिपय नेताहरूले यसलाई हेरेका छन् ।

बालेन र आचार्य दुवै रास्वपाको नेतृत्व तहमै रहेको बेला आएको यो अभिव्यक्तिले पार्टीभित्रको शक्ति सम्बन्धबारे पनि प्रश्न उठाएको छ । आचार्य सभापति लामिछानेनिकट हुन् ।





- बालेनको 'एक्स्ट्रा अर्डिनरी' सुझावमा महामन्त्री आचार्यको काउन्टर
- आचार्यको अभिव्यक्तिलाई बालेनप्रति कटाक्षका रूपमा व्याख्या
- सांसदसँग बालेनको बढ्दो संवादले रास्वपाभित्र बढायो आशंका
- मन्त्री नियुक्ति, महामन्त्री मनोनयन र राजदूत सिफारिसमा विवाद
- चोलेन्द्र पत्राउ प्रकरणपछि रवि–बालेन दूरी थप बढेको दाबी

पछिल्लो समय प्रधानमन्त्री बालेनले पार्टीका सांसदहरूसँग प्रत्यक्ष संवाद बढाएका छन् । केही दिनअघि उनले जेन-जी उमेरका सांसदहरूसँग पनि प्रधानमन्त्री कार्यालयमा लामो छलफल गरेका थिए ।

उक्त छलफलमा बालेनले सांसदहरूको संसदीय भूमिका कमजोर रहेको भन्दै त्यसलाई प्रभावकारी बनाउनुपर्ने धारणा राखेको बताइएको छ । उनले सांसदहरूलाई उद्यमशीलतातर्फ लाग्नसमेत सुझाव दिएका थिए ।

यसबाहेक पुराना राजनीतिक दलका नेताहरूको शैलीमा संसद्मा प्रस्तुत हुने प्रवृत्तिप्रति प्रधानमन्त्रीले असन्तुष्टि जनाएका थिए । अस्वाभाविक गफगाफ र संसद्मा देखिने व्यवहारप्रति पनि उनले प्रश्न उठाएको एक सांसदले बताए । 'उहाँले संसद्मा जसरी प्रस्तुत हुनुपर्ने हो, त्यसरी संसदीय मामिलामा प्रस्तुत नभएको भनेर असन्तुष्टि जनाउनुभयो,' ती सांसदको भनाइ छ ।

प्रधानमन्त्री बालेनले पार्टीका विभिन्न समूह र पृष्ठभूमिका सांसदसँग छुट्टाछुट्टै संवाद बढाएपछि रास्वपाभित्र भने यसको राजनीतिक अर्थ खोज्न थालिएको छ । विशेषगरी सभापति लामिछानेनिकट नेताहरूमा प्रधानमन्त्रीले पार्टीभित्र आफ्नो छुट्टै प्रभाव विस्तार गर्न खोजेको आशंका देखिन थालेको स्रोतको दाबी छ । यसको अर्को पक्ष भनेको बालेन र लामिछानेबीच जिम्मेवारी र प्रभावको सीमाबारे बढ्दै गएको असहमति हो ।

सरकार सञ्चालनको जिम्मेवारी प्रधानमन्त्रीमा र पार्टी सञ्चालनको जिम्मेवारी सभापतिमा रहने गरी गरिएको समझदारी व्यवहारमा भने सहज रूपमा कार्यान्वयन नभएको रास्वपाका नेताहरूको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

# '३०–५५' अवकाश लागू गरेर आफू अनुकुल कर्मचारी भर्ती गर्दै सरकार

- एक पटकका लागिमात्र गर्न लागिएको '३०–५५' को संशोधनले ६ हजार बढी अनुभवी कर्मचारीले अवकाश पाउने
- रिक्त संख्यामा सरकारले आफू अनुकुल कर्मचारी भर्ती गराउने
- यो व्यवस्था लागू गर्दा सरकारलाई ठुलो आर्थिक भार थपिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले संघीय निजामती विधेयकमा ३०–५५ को व्यवस्था लागू गरेर आफू अनुकुल कर्मचारी भर्ती गर्ने तयारी गरेको छ । भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बिहीबार यो विधेयक संसद्मा दर्ता गराएकी हुन् ।

निजामती कर्मचारीलाई ५५ वर्ष उमेर पुगेको वा ३० वर्ष सेवा अवधि पुगेका आधारमा अवकाश दिने गरी विधेयक संसद्मा लगिएको हो । एक पटकका लागिमात्र गर्न लागिएको यो संशोधनले ६ हजार बढी अनुभवी कर्मचारीले अवकाश पाउने एक सचिवले बताए ।

ती सचिवका अनुसार यो व्यवस्था लागू भए बहालवाला ३९ जना सचिवले एकैपटक अवकाश पाउनेछ । निजामती सेवामा हाल मुख्यसचिवसहित ५८ जना सचिव कार्यरत छन् । मुख्यसचिव गोविन्दबहादुर कार्की ३० वर्ष सेवा अवधि र ५५ वर्ष उमेर हद दुवैका कारण अवकाश पाउनेछन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह बालेन नेतृत्वको सरकारले कामकाजका लागि सहज बनाउन प्रशासनमै सुधार देखिएको बताएका छन् । योसँगै बालेन नेतृत्वको सरकारले पुराना कर्मचारी हटाएर नयाँ कर्मचारी भर्ना गर्ने तयारी गरेको ती सचिवले बताए । 'अहिलेका अधिकांश उच्च कर्मचारी पुराना दलको कोटाबाट आएको भन्ने बालेनको बुझाइ छ । उनीहरूलाई सरकारले क्रोनिक कर्मचारीका रूपमा हेरेका छन् । यस्तो कर्मचारी एकतिहाई घटाएर आफू निकट कर्मचारी भर्ती गर्ने तयारी सरकारको देखिन्छ,' ती सचिवले भने ।



'अहिलेका अधिकांश उच्च तहका कर्मचारी पुराना दलको कोटाबाट आएको भन्ने बालेनको बुझाइ छ । उनीहरूलाई सरकारले क्रोनिक कर्मचारीका रूपमा हेरेका छन् । यस्तो कर्मचारी एकतिहाई घटाएर आफू निकट कर्मचारी भर्ती गर्ने तयारी सरकारको देखिन्छ'

यो विधेयक दर्ताको समयमा मुख्यसचिव कार्कीदेखि कानुनमन्त्री सोबिता गौतमलाईसमेत बालेनले थाह नदिएको बताइएको छ । अनुभवी कर्मचारीलाई हटाउन ल्याएको विधेयक तीन जनाबाहेक अरुलाई थाहै नपाएको ती सचिवको दाबी छ । 'यो विधेयक अघि बढाउँदा मुख्यसचिवदेखि कानुनमन्त्रीलाई समेत थाह दिइएन । प्रधानमन्त्री बालेन, रास्वपा सभापति रवि लामिछाने र कुमार बेनबाहेक अरुले थाहै पाएनन्,' ती सचिवले भने ।

उमेर हद र सेवा अवधि बाहेक सचिवहरूले कार्यकालका आधारमा पनि बिदा पाउनेछन् । विधेयकमा सचिवको कार्यकाल तीन वर्ष र मुख्यसचिवको कार्यकाल दुई वर्ष प्रस्ताव गरिएको छ । हाल सचिवको कार्यकाल ५ र मुख्यसचिवको कार्यकाल ३ वर्ष रहने व्यवस्था छ । 'राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा दफा पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अनिवार्य अवकाश हुनेछ,' विधेयकमा भनिएको छ, '५५ वर्ष उमेरका आधारमा अवकाश हुने कर्मचारीको यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम कायम रहेको अनिवार्य अवकाशको उमेरको हद पूरा गर्न बाँकी रहेको अधिकतम तीन वर्ष सेवा अवधि निवृत्तिभरण प्रयोजनको लागि गणना गरिनेछ ।

३० वर्ष सेवा अवधि पूरा गरेका निजामती कर्मचारीको निवृतिभरण प्रयोजनका लागि सो पदको बाँकी अवधि थप गरी अवकाश दिइनेछ । तर पदावधि नसकिँदै ५८ वर्ष उमेर पूरा भई अवकाश हुने भएमा ५८ वर्ष पूरा हुने अवधिसम्मको सेवा अवधि थप हुनेछ ।' ऐन प्रारम्भ हुँदाका बखत उमेर हद र सेवा अवधिका आधारमा अवकाश दिनेबाहेक कर्मचारीको अवकाश उमेर ६० वर्ष पुऱ्याउन प्रस्ताव गरिएको छ ।

### यस्तो छ विधेयकमा व्यवस्था

सरकारले प्रतिनिधिसभामा दर्ता गरेको संघीय निजामती सेवा विधेयक, २०८३ मा निजामती कर्मचारीको अवकाश, उपादान र निवृत्तिभरणबारे व्यवस्था गरिएका छन् । विधेयकको परिच्छेद- ७ अन्तर्गत दफा ५७ मा अनिवार्य अवकाशबारे व्यवस्था छ ।

उक्त दफामा निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने व्यवस्था छ । तर, ऐन प्रारम्भ हुँदाका बखत ५५ वर्ष उमेर पूरा भएका वा सेवा अवधि ३० वर्ष पूरा भएका कर्मचारीले अनिवार्य अवकाश पाउनेबारे दफामा व्यवस्था गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# एफडब्ल्युसिएमएसमा सूचीकृत २५ संस्थाले बुझाएका विवरण अध्ययन गर्दै विभाग

- तोकिएको अवधिभित्र सबै संस्थाबाट विविरण प्राप्त भएको विभागको भनाइ
- प्राप्त विवरणको अध्ययन गर्न केही दिन लाग्ने
- विवरण अध्ययनपश्चात थप अनुसन्धान अगाडि बढाइने
- अनुसन्धानमा दोषी देखिए वैदेशिक रोजगार ऐनबमोजिम कारबाही गरिने

■ ममता थापा

**काठमाडौं–** मलेसियाको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)मा सूचीकृत २५ प्रमुख संस्थाले वैदेशिक रोजगार विभागमा पाँच वर्षको विवरण बुझाएका छन् । विभागले तोकेको समयावधिभित्रै ती संस्थाले विवरण बुझाएका हुन् ।

मलेसिया रोजगारीमा सीमित व्यवसायीको पहुँच स्थापित गर्ने प्रयास भएपछि यसको अध्ययनका लागि विभागले ती संस्थासँग पछिल्लो पाँच आर्थिक वर्षको विवरण मागेको थियो । त्यसका लागि १५ दिनको समय तोकिएकोमा बुधबार उक्त समय सकिएको थियो । बुधबारभित्र नै सबै संस्थाले विवरण बुझाएको विभागका महानिर्देशक नवराज ढकालले बताए । 'सबै संस्थाबाट विवरण प्राप्त भएको छ, अहिले अध्ययनमै छौं,' उनले बिहीबार प्रभावसँग भने ।




विभागले तोकिएको समयमा विवरण नबुझाए कानुनी कारबाही हुने चेतावनी दिएको थियो । सोही कारण व्यवसायीहरूले समयमै विवरण बुझाएका हुन् । प्राप्त विवरणको सत्यता जाँच गरेर थप अनुसन्धान अघि बढाइने विभागको भनाइ छ । यदि अपूर्ण या भ्रामक विवरण पाइए प्रचलित कानुनबमोजिम कारबाही अघि बढाइनेसमेत विभागले जनाएको छ ।

पछिल्ला वर्षको विस्तृत विवरण माग गरिएकाले यसबाट मलेसिया रोजगारीमा एकाधिकार लगाउने प्रयासमा भएका महत्त्वपूर्ण जानकारी आउनसक्ने एकाधिकारको विरोधमा रहेका व्यवसायीहरूको विश्वास छ । मलेसियाको एफडब्ल्युसिएमएसमा अगस्ट २१ मा सूचीकृत २५ संस्थाले एकाधिकार भित्र्याउन गर्न खोजेको आशंकामा विभागले उनीहरूमाथि विशेष अनुसन्धान अघि बढाएको हो । गत भदौ ३१ गते पत्राचार गर्दै १२ वटा शीर्षकमा आर्थिक वर्ष २०७८/७९ देखि चालु आवसम्मका विवरण माग गरिएको थियो ।

विभागले पछिल्लो पाँच आर्थिक वर्षमा गन्तव्य मुलुकअनुसार पठाएका श्रमिक, रोजगारदाता र रोजगारीको विवरण, वैदेशिक रोजगार व्यवसायबाट प्राप्त गरेको कूल आम्दानी तथा श्रमिकबाट लिएको सेवा शुल्क, संस्थाको प्रवर्द्धक, एजेन्ट, प्रशासनिक, कर्मचारी तथा कार्यालयको खर्चलगायतको विवरण मागेको थियो ।

साथै, विदेशी साझेदारसँग भएको प्राप्ति तथा भुक्तानी कारोबारको विवरण, वैदेशिक रोजगारसम्बन्धी महत्त्वपूर्ण कारोबारको विवरण, कर चुक्ताको अवस्था, पाँच आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, शाखा, एजेन्ट तथा प्रतिनिधिको विवरणलगायत पनि बुझाउन पत्रमा भनिएको थियो ।

अनुसन्धानमा दोषी ठहर हुने संस्थाहरूमाथि वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली र आवश्यकताका आधारमा अन्य प्रचलित कानुनबमोजिम कारबाही हुने जनाइएको छ । नेपालको संविधानको धारा ५१ (घ) (७) ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने नीति लिएको छ । त्यस्तै, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ मा प्रतिस्पर्धा सीमित बनाउने तथा नियन्त्रण गर्ने सम्झौता तथा बजार प्रवेश रोक्ने अभ्यासलाई निषेध गरेको छ । सोही ऐनको दफा ४ ले प्रभुत्वशाली हैसियतको दुरूपयोग गर्न नहुने व्यवस्था गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# अन्तर्वार्तामा छनोट नहुनेको विवरण उपलब्ध गराउन नसक्ने संघको जवाफ

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले रोजगारीमा जानका लागि आवेदन दिएका तर छनोट नभएका व्यक्तिको विवरण दिन नसक्ने जनाएको छ । वैदेशिक रोजगार विभागले गत सोमबार रोजगारीमा कामदार पठाउने प्रयोजनका लागि प्रकाशित विज्ञापनमा आवेदन दिएका तर छनोट नभएका व्यक्तिहरूको नाम तथा छनोट नभएको कारणसहितको विवरण वेबसाइटमा प्रकाशन गरी विभागमा उपलब्ध गराउन अनुरोध गरेकोमा उक्त विवरण उपलब्ध गराउन नसक्ने संघले जनाएको हो ।

बिहीबार संघले विभागका महानिर्देशक नवराज ढकाललाई ध्यानाकर्षणपत्र बुझाउँदै छनोट नभएकाहरूको व्यक्तिगत विवरण सार्वजनिक गर्दा उनीहरूको गोपनीयता, प्रतिष्ठा तथा आत्मसम्मानमा प्रत्यक्ष असर पर्नसक्ने उल्लेख गरेको छ । आवेदनकर्ताको नामसँगै छनोट नभएको कारण, शारीरिक अवस्था, स्वास्थ्य, व्यक्तिगत योग्यता वा आचरणसँग सम्बन्धित विवरण सार्वजनिकरूपमा प्रकाशन गर्नु उपयुक्त नहुने संघको दाबी छ ।




संघले सम्बन्धित व्यक्तिको स्पष्ट मञ्जुरीविना व्यक्तिगत विवरण सार्वजनिक गरेको अभियोग लाग्नसक्ने र नैतिक भर्ना प्रक्रियाअन्तर्गत श्रमिक पठाउँदा कम्पनीको नीति र आचारसंहिता विपरीत हुने भएकाले व्यक्तिगत विवरण तथा छनोट नहुनुको व्यक्तिगत कारण सार्वजनिकरूपमा प्रकाशन गर्नु कानुनसम्मत नहुने पत्रमा उल्लेख गरेको छ । कतिपय अवस्थामा अन्तर्वार्तामा छनोट नहुने सबैको विवरण माग्ने काम अव्यावहारिकसमेत हुने संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले बताए ।

'इथिकल रिक्रुटमेन्टको केसमा ४० जनाको कोटामा चार हजारले आवेदन दिने पनि हुन्छन् । यस्तो अवस्थामा कम्पनीले सबैको अन्तर्वार्ता लिएर बस्दैन । आफूलाई चाहिनेजति लिएर त्यत्तिकै छोडिदिन्छ,' उनले भने, 'यस्तो अवस्थामा छनोट नहुनेको विवरण उपलब्ध गराउनु त्यत्ति व्यावहारिक हुँदैन । साथै, त्यो व्यक्ति स्वयंको गोपनीयता हनन हुने विषय हो ।'

## पृष्ठ १ बाट क्रमश:

### '३०-५५' अवकाश...

यो व्यवस्थाअन्तर्गत ३० वर्ष सेवा अवधि वा ५५ वर्षे उमेर जुन पहिला आउँछ, त्यसैबाट कर्मचारीको अवकाश हुन्छ ।

५५ वर्ष उमेर पूरा गरेका कर्मचारीलाई अवकाश दिँदा हाल कायम रहेको अनिवार्य अवकाशको ५८ वर्ष उमेर पूरा गर्न बाँकी रहेको अवधिसमेत पेन्सन प्रयोजनका लागि गणना गर्न पाउने व्यवस्था विधेयकले गरेको छ । यसको अर्थ, मानौँ कोही कर्मचारी ५५ वर्ष उमेर पूरा भएको छ भने यो ऐनबमोजिम उसले अवकाश पाउँछ । तर, उक्त कर्मचारीको अवकाश हुने अवधि ५८ वर्ष भएको विद्यमान कानुनबमोजिम तीन वर्ष समय जो बाँकी रहन्छ त्यो अवधि उसको पेन्सन प्रयोजनका लागि गणना गर्न पाउने व्यवस्था हो । तर, यसअघि नै ३० वर्षे सेवा अवधिका कारण अवकाश हुनेले त्यो सुविधा पाउनेछैनन् ।

राजपत्रांकित विशिष्ट श्रेणीका हकमा विधेयकमा व्यवस्था गरिएको पदावधि वा उमेरमध्ये जुन पहिला आउँछ त्यही आधारमा अवकाश हुने उपदफा २ मा उल्लेख छ । ऐनको दफा २४ ले विशिष्ट श्रेणीअन्तर्गत मुख्यसचिवको दुई र सचिवको तीनवर्षे पदावधि निर्धारण गरेको छ । नयाँ ऐन प्रारम्भ हुँदाका बखत विधेयकमा व्यवस्था गरिएको अवधि पूरा गरेका मुख्यसचिव र सचिवको पेन्सन प्रयोजनका लागि सो पदको बाँकी अवधि थप गरी अवकाश दिइने पनि विधेयकमा छ ।

तर, पदावधि नसकिँदै ५८ वर्ष पूरा भई अवकाश हुने भएमा ५८ वर्ष पूरा हुने अवधिसम्मको सेवा अवधि थप हुने व्यवस्था गरिएको छ । यसको अर्थ मानौँ सचिव उक्त पदमा कायम रहेको तीन वर्ष भएको छ भने विधेयकको व्यवस्थाबमोजिम अवकाशमा जान्छ । तर, सचिवको कार्यावधि पाँच वर्ष हुने विद्यमान कानुनबमोजिम जुन दुई वर्षअगावै अवकाशमा जानुपर्ने हुन्छ सोही दुई वर्ष पेन्सन प्रयोजनका लागि गणना हुनेछ ।

#### लागू हुने प्रक्रिया यस्तो

प्रतिनिधिसभामा पेश भएको यो विधेयक सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाइन्छ । त्यहाँ छलफलपछि सुझावसहित प्रतिनिधिसभामा पारितका लागि पेश हुन्छ ।

प्रतिनिधि सभामा पारित भए राष्ट्रिय सभामा पेश हुन्छ । अहिले रास्वपाको झन्डै दुई तिहाई बहुमत भएकोले यो विधेयक प्रतिनिधि सभाबाट पारित हुने निश्चित छ । तर राष्ट्रिय सभाबाट पनि विधेयक पारित हुनुपर्छ । राष्ट्रिय सभामा रास्वपाको उपस्थिति नहुँदा यहाँ यो विधेयक अड्किन सक्छ । यद्यपि राष्ट्रिय सभाबाट पनि पारित भएमा राष्ट्रपतिबाट प्रमाणीकरण भएको दिनदेखि ३०-५५ सहितको व्यवस्था कार्यान्वयन हुनेछन् ।

■■■

### रवि-बालेन...

पार्टीभित्रको असन्तुष्टिको एउटा प्रमुख विषय महामन्त्री नियुक्तिको विषय पनि बनेको छ । चितवन महाधिवेशनबाट विपिन आचार्य महामन्त्री निर्वाचित भइसकेका छन् । अर्को एक महामन्त्री मनोनीत गर्ने कोटा बाँकी छ । उक्त पदमा बालेननिकट व्यक्तिलाई ल्याउनेबारे अनौपचारिक सहमति भएको दाबी गरिए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन ।

बालेन पक्षबाट सुदीप ढकाल, भूपदेव शाह र सुनिल लम्सालसहितका नाम चर्चामा आएका थिए । सुधन गुरुङको नामसमेत चर्चामा आएपछि बालेननिकट समूहभित्रै मतभेद रहेको सार्वजनिक भएको थियो ।

सभापति लामिछानेनिकट सचेतक क्रान्तिशिखा धिताल र बालेननिकट गृहमन्त्री सुधन गुरुङबीच २३ भदौमा भनाभन भैका थियो । रास्वपाका एक केन्द्रीय सदस्यले भनेका छन्, 'धितालको अभिव्यक्तिलाई लामिछानेको चाहनामा प्रकट भएको रूपमा हेर्नुपर्छ र गुरुङ-लम्सालले बालेनकै संकेतमा अभिव्यक्ति दिने गरेका छन् ।'

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको नियुक्तिमा समेत दुई पक्षबीच असहमति देखिएको बताइएको छ । लामिछानेले गणेश पराजुलीलाई मन्त्री बनाउन चाहेको भए पनि प्रधानमन्त्री बालेनले दीपक साहलाई नियुक्त गरेको दाबी गरिएको छ । बालेन पक्षले भने पार्टीका उपनेतालाई मन्त्री बनाउँदा मन्त्रिपरिषद्को वरीयतामा पर्ने प्रभावलाई कारणका रूपमा व्याख्या गरेको बताइएको छ । सरकारले ११ देशका लागि राजदूत सिफारिस गरेपछि पनि रास्वपाभित्र असन्तुष्टि बढेको ती नेता बताउँछन् ।

राजदूत सिफारिसमा सभापति लामिछाने, सभामुख डीपी अर्याल, परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री स्वर्णिम वाग्ले पक्षको प्रभाव रहेको बालेननिकट नेताहरूको दाबी छ । अर्कोतर्फ, लामिछानेनिकट नेताहरूले पनि सिफारिसप्रति असन्तुष्टि जनाएको भनिएको छ ।

विशेषगरी एनजीओ तथा गैर कूटनीतिक पृष्ठभूमिका व्यक्तिहरूको नाम सिफारिसमा परेको विषयमा प्रश्न उठाइएको छ । चीनका लागि सिफारिस भएका कल्याणराज शर्माको व्यावसायिक पृष्ठभूमि र जापानका लागि सिफारिस भएका जिज्ञानकुमार थापासँग जोडिएको पीआर विवादलाई समेत असन्तुष्टिको कारणका रूपमा प्रस्तुत गरिएको छ । यस्तै, पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा पक्राउ प्रकरणले बालेन र लामिछानेबीचको दूरी थप बढाएको रास्वपाका नेताहरूको दाबी छ । राणाको पक्राउप्रति लामिछाने असन्तुष्ट छन् । अर्कोतर्फ बालेननिकट पक्षले लामिछानेको न्यायिक क्षेत्रसँगको सम्बन्ध र अदालतका निर्णयप्रति असन्तुष्टि जनाउँदै आएको दाबी गरिएको छ ।

राणाको पक्राउसँगै न्यायालयसँग जोडिएका पुराना राजनीतिक समीकरणसमेत पुनः चर्चामा आएका छन् । यही प्रकरणलाई लिएर रास्वपाभित्र प्रधानमन्त्री र सभापतिबीचको मतभेद अझ स्पष्ट भएको नेताहरूको दाबी छ ।

यसअघि राहदानी छपाइको ठेक्का प्रकरणमा पनि दुई पक्षबीच मतभेद थियो । जर्मन कम्पनीसँगको ठेक्का तोड्ने प्रयासमा प्रधानमन्त्री पक्ष लागेको र सभापति पक्ष त्यसको विपक्षमा रहेको दाबी गरिएको थियो । अदालतले भने जर्मन कम्पनीसँगको ठेक्का कायम रहने गरी आदेश दियो । यी घटनाक्रमसँगै रास्वपाभित्र प्रधानमन्त्री बालेन र सभापति लामिछानेबीचको सम्बन्धमा असन्तुष्टिको धाँजा बढ्दै गएको चर्चा तीव्र बनेको छ ।

■■■

### एफडब्ल्युसिएमएसमा...

साथै, दफा ७ ले एकलौटी कारोबार तथा दफा ८ ले बजार सीमित गर्ने कार्यलाई निषेध गरेको छ । राज्यले व्यवसाय गर्न इजाजत दिएका व्यवसायीलाई प्रतिस्पर्धाबाट बाहिर राख्ने प्रयास भएपछि सरकारले यो व्यवस्था मान्य नहुने स्पष्ट पारिसकेको छ । मलेसिया र नेपालका सरकार प्रमुखलेसमेत बिचौलियातन्त्र मान्य नहुनेमा सहमति जनाएको अवस्था छ ।

मलेसिया रोजगारीलाई स्वस्थ, पारदर्शी र सबै व्यवसायीका लागि समान अवसर सिर्जना गर्न कूटनीतिक पहलका साथै आन्तरिक कारबाहीको प्रक्रियालाई सरकारले तीव्र पारेको छ । यसै साता सूचीकृत संस्थाहरूले बुझाएका स्पष्टीकरणका आधारमा २७५ संस्था एफडब्ल्युसिएमएसबाट निस्कन चाहेकाले हटाइदिनू भन्दै श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत मलेसियालाई औपचारिकरूपमा आग्रह गरिसकेको छ । यता विभागले एफडब्ल्युसिएमएसबाट सात दिनभित्र नाम फिर्ता लिन सहायक एजेन्सीका रूपमा सूचीकृत २५० संस्थालाई निर्देशन समेत दिएको छ ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

★ तलबः योगयता तथा अनुभवअनुसार Negotiable

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554

E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com


**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office**

## Road Division Sanfebagar, Achham

## INVITATION FOR BIDS

**Invitation for Bids No: IFB/2083/084/06-01 Date of Publication: 2083/06/16 (2nd October, 2026)**

1. Road Division Sanfebagar, Achham invites sealed bids from eligible bidders for the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S.N. | Contract Number | Description and Location of Work | Bid Security (NRs) | Doc. Fee (NRs) |
|---|---|---|---|---|
| 1 | RDSNF/337011384/ 2083/084-07 (Re-I) | Road Rehabilitation Works on Sanfe–Martadi Road Section | 5,59,000.00 | 5,000 |

| Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: 2083/06/22 (8th October, 2026) Time: 17:00 hrs | Date: 2083/06/23 (9th October, 2026) Time: 12:00 hrs | Date: 2083/06/23 (9th October, 2026) Time: 13:00 hrs |

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 29.92 million***
- Minimum Work experience of similar size and nature: *Road maintenance works with a value of at least* ***NRs 7.98 million***

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Road Division Sanfebagar, Achham, Tel: 097-625145 | Email: drosanfe@gmail.com | Website: https://www.dor.gov.np/sanphebagar
4. **Bid Document Fee:** Rastriya Banijya Bank, Mangalsen, Achham; A/C Name: Road Division, Sanfebagar; A/C No. 1000100200010000; Office Code 337017201, Revenue Head 14229.

   **Bid Security** *(optional if a Bank Guarantee is submitted)*: Rastriya Banijya Bank, Mangalsen, Achham; A/C Name: District Treasury Controller Office, Achham; A/C No. 4260100102030000.
5. A complete set of Bidding Documents may be purchased from the Road Division, Sanfebagar, Achham by eligible bidders upon submission of a written application — accompanied by a copy of the company/firm registration certificate — and payment of the non-refundable fee into the account specified above, until ***2083/06/22 during office hours***.
6. Sealed bids (hard copy only) must be submitted by hand or courier no later than ***12:00 hrs on 2083/06/23***. Bids received after this deadline will be rejected.
7. Bids will be opened at the Office of the Road Division Sanfebagar, in the presence of bidders' representatives who choose to attend, at the date and time specified above. Bids must remain valid for 90 days from the bid submission deadline and must be accompanied by the bid security specified above, valid for 30 days beyond the bid validity period.
8. If the last date of purchase and/or submission falls on a government holiday, the next working day shall be considered the last date, and the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Division Chief**

## अन्नपूर्ण आधार शिविरबाट जलवायु न्यायको आवाज

**कास्की–** कास्कीको अन्नपूर्ण गाउँपालिकाले विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविर (एबिसी) बाट जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिम र त्यसको न्यायोचित सम्बोधनका लागि आवाज उठाएको छ ।

यस वर्षको मनसुनमा बाढी, पहिरो र नदी कटानबाट ठूलो क्षति व्यहोरेको गाउँपालिकाले चार हजार १३० मिटर उचाइमा रहेको हिमाली तथा पर्यटकीय गन्तव्य एबिसीमा बुधबार गाउँ कार्यपालिकाको विशेष बैठक बसेको थियो ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएका समस्या, जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण तथा स्थानीय समुदायको उत्थानशीलताका विषयमा ध्यानाकर्षण गराउन विशेष बैठक आयोजना गरिएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिए ।

अन्नपूर्णको मोदीखोला र किम्रुङ खोलामा गत साउन र भदौ महिनामा पटक-पटक आएको बाढीले होटल, सडकलगायतका पूर्वाधारमा क्षति पुऱ्याएको छ भने बिरेठाँटी र स्याउली बजार जोखिममा परेका छन् ।

बाढीले पक्की सडक बगाएपछि पर्यटकीय गाउँ घान्द्रुकको पोखरासँगको सीधा सडक सम्पर्क ४० दिनसम्म टुटेको थियो । विपद्बाट गाउँपालिकाले व्यहोरेको क्षतिको पूर्णविवरण अझै संकलन हुन सकेको छैन । 'यस वर्षको मनसुनमा अन्नपूर्ण गाउँपालिका बाढी, पहिरो तथा नदी कटानबाट प्रभावित बन्यो । विशेषगरी मोदीखोलाको कटानले गाउँपालिकाका विभिन्न क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । *रासस*

## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैतिस) दिने सूचना

*प्रकाशित मिति २०८३/०६/१६ गते, शुक्रबार*

तपसिलमा उल्लेखित ऋणीहरूले यस सहकारी संस्थाबाट लिनु भएको कर्जा रकमको भाखा नाघि सकिएकोमा सहकारी संस्थाबाट समय समयमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जना ब्याज रकम समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्त कबुलियत उल्लङ्घन गरी पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणको साँवा तथा सोमा लागेको ब्याज र हर्जना रकम बुझाउने तर्फ कुनै पहल नगरी पूर्ण बेवास्ता गरी बसेको हुनाले यथासिघ संस्थालाई तिर्न बुझाउन बाँकी वक्यौता रकम यस सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र ऋण चुक्ता गरिदिनु होला, चुक्ता गरेको भए सोको प्रमाण संस्थमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । यस सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन सम्म पनि संस्थालाई तिर्न बुझाउन बाँकी बक्यौता रकम नतिरि बेवास्ता गरेमा सहकारी ऐन २०७४ को परिच्छेद -१४, काठमाडौँ महानगरपालिका सहकारी ऐन २०७४ र काठमाडौँ महानगरपालिका सहकारी नियमावली २०८० र यस सहकारी संस्थाको कर्जा लगानी तथा असुली नीति बमोजिम ऋणी र व्यक्तिगत धन जमानत दिने धनजमानीलाई समेत कालोसुचीमा समावेश गरि कर्जाको सम्पूर्ण वक्यौता रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौँ । साथै ऋणीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा वा जमानीकर्ताबाट पनि ऋण तथा बाँकी बक्यौता असुली हुन नसकेमा असुली हुन बाँकी रकमको हदसम्म कानुन बमोजिम ऋणी र जमानीकर्ताहरूको घरघरानाबाट समेत असुली गर्ने कानुनी प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपसिल**

| सि.न. | ऋणीको विवरण | जमानीकर्ताको र धितो रोक्काको विवरण |
|---|---|---|
| १. | **नाम : राजु तामाङ** <br>बाबु : दोर्जे तामाङ<br>बाजे : हसन तामाङ<br>स्थायी ठेगाना : पौवासारताप-३, पाँचथर<br>अस्थायी ठेगाना : सिनामंगल-९,काठमाडौँ<br>ना.प्र.नं. : १२२८१, २०५४/११/०८, पाँचथर | **नाम : राजन भट्टराई** <br>बाबु : अन्जनी प्रसाद भट्टराई<br>बाजे : देवी प्रसाद भट्टराई<br>पत्नी : सिता भट्टराई<br>स्थायी ठेगाना : विराटनगर-११, मोरङ<br>अस्थायी ठेगाना : मध्यपुरथिमी-२, भक्तपुर<br>ना.प्र.नं. : १९४, मोरङ |
| २. | **नाम : हरिबहादुर विश्वकर्मा** <br>बाबु : तिलकबहादुर विश्वकर्मा<br>बाजे : राम बहादुर विश्वकर्मा<br>पत्नी : कुमारी विश्वकर्मा<br>स्थायी ठेगाना : सुन्दरपुर-१, मोरङ<br>अस्थायी ठेगाना : नरेफाँट, काठमाडौँ-३२<br>ना.प्र.नं. : ०५१०६०/५६८, मोरङ | **नाम : कुमारी विश्वकर्मा** <br>बाबु : हस्त बहादुर विश्वकर्मा<br>बाजे :<br>पति : हरि बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : मनहरी-२, मकवानपुर<br>अस्थायी ठेगाना : नरेफाँट, काठमाडौँ-३२<br>ना.प्र.नं. : ३१३०१९/२७, मकवानपुर |
| ३. | **नाम : किशोरभक्त विद्याधर** <br>बाबु : कृष्ण भक्त विद्याधर<br>बाजे : रामभक्त विद्याधर<br>पत्नी : देवकी विद्याधर<br>स्थायी ठेगाना : मण्डनदेउपुर-६, काभ्रेपलाञ्चोक<br>अस्थायी ठेगाना : मण्डनदेउपुर-६, काभ्रेपलाञ्चोक<br>ना.प्र.नं. : ६७८५७, काभ्रेपलाञ्चोक | किशोर भक्त विद्याधरको नाममा मालपोत कार्यालय सिन्धुपालचोकमा दर्ता कायम रहेको सिन्धुपालचोक जिल्ला साविक मेलम्ची न.पा.वडा नं.१ को नक्सा सिट नं.१ कित्ता नं.२४१६ को क्षत्रफल ०-४-२-१ (१४५.०७ व.मि.) भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ४. | **नाम : सुश्री राखी रेग्मी** <br>बाबु : कृष्ण प्रसाद उपाध्याय<br>बाजे : गौरी शंकर उपाध्याय<br>पति : मदन मोहन ज्ञवाली<br>स्थायी ठेगाना : वीरगंज-१६, पर्सा<br>अस्थायी ठेगाना : महालक्ष्मी-४, ललितपुर<br>ना.प्र.नं. : १६०३१९३९५, पर्सा | **नाम : ईन्दु देवी उपाध्याय रेग्मी**<br>बाबु : कृष्ण प्रसाद उपाध्याय देवकोटा<br>बाजे : फेकु प्रसाद देवकोटा<br>पति : कृष्ण प्रसाद उपाध्याय<br>स्थायी ठेगाना : वीरगंज-१६, पर्सा |
| ५. | **नाम : नेजमा खातुन** <br>बाबु : रुदल मिया दर्जी<br>बाजे : लाल बच्चा मिया<br>पति : अफ्ताव आलम<br>स्थायी ठेगाना : पर्टेवा सुगौली-१, पर्सा<br>अस्थायी ठेगाना : नरेफाँट, काठमाडौँ-३२<br>ना.प्र.नं. : ३४-०१-७४-१५२१२, पर्सा | **नाम : मनोज नगरकोटी**<br>बाबु : कान्छा नगरकोटी<br>बाजे : काले नगरकोटी<br>पत्नी : आरती नगरकोटी<br>स्थायी ठेगाना : दधिकोट, सुर्यविनायक-०५, भक्तपुर<br>अस्थायी ठेगाना : दधिकोट, सुर्यविनायक-०४, भक्तपुर<br>ना.प्र.नं. :२९-०१-६९-०५६६४ |
| ६. | **नाम : आशा राई** <br>बाबु : कौजन बहादुर राई<br>बाजे : नरध्वज राई<br>पति : नगेन्द्र राई<br>स्थायी ठेगाना : ईटहरी-०३, सुनसरी<br>अस्थायी ठेगाना : काठमाडौँ-१०, काठमाडौँ<br>ना.प्र.नं. : ०६-०१-७५-०५८६२, सुनसरी | **नाम : नगेन्द्र राई**<br>बाबु : गोपाल राई<br>बाजे : जीतमान राई<br>पत्नी : आशा राई<br>स्थायी ठेगाना : ईटहरी-०३, सुनसरी<br>अस्थायी ठेगाना : काठमाडौँ-१०, काठमाडौँ<br>ना.प्र.नं. : ०२/९०७९९, सुनसरी |
| ७. | **नाम : सुदर्शन सापकोटा** <br>बाबु : लेख बहादुर सापकोटा<br>बाजे : दिल बहादुर सापकोटा<br>पत्नी : सविना गोङवा<br>स्थायी ठेगाना : आश्राङ्ग-०९, ललितपुर<br>अस्थायी ठेगाना : महालक्ष्मी-०५, ललितपुर<br>ना.प्र.नं. : २००८७, ललितपुर | **नाम : सविना गोङवा** <br>बाबु : कुल बहादुर गोङवा<br>पति : सुदर्शन सापकोटा<br>स्थायी ठेगाना : हाडीखोला-४, मकवानपुर<br>अस्थायी ठेगाना : महालक्ष्मी-५, ललितपुर<br>ना.प्र.नं. : ११/८२१७, मकवानपुर |
| ८. | **नाम : विपिन अधिकारी** <br>बाबु : केशवकुमार अधिकारी<br>बाजे : जङ्गबहादुर अधिकारी<br>स्थायी ठेगाना : दर्वेशा-०९, मोरङ<br>अस्थायी ठेगाना : नरेफाँट, काठमाडौँ-३२<br>ना.प्र.नं. : ०५२०२४/२०५५, मोरङ | **नाम : राजु दुधराज** <br>बाबु : कान्छा कामी<br>स्थायी ठेगाना : च्यासिंखर्क-६, काभ्रेपलाञ्चोक<br>ना.प्र.नं. : ३०-०१-७१-०७३५४, काभ्रेपलाञ्चोक |
| | | **नाम : : मिलन घिमिरे** <br>बाबु : लुङ्गानाथ घिमिरे<br>बाजे : सुकदेव घिमिरे<br>स्थायी ठेगाना : पाखीबास-८, धनकुटा<br>अस्थायी ठेगाना : बालकोट, भक्तपुर<br>ना.प्र.नं. :०७-०१-७१-०१६०९, धनकुटा |
| ९. | **ऋणीको नाम : प्रेमा राणा** <br>बाबु : यादव सिंह थापा<br>बाजे : कृष्ण थापा<br>पति : प्रमोद शम्सेर ज.व.रा.<br>स्थायी ठेगाना : हेटौँडा-१०, मकवानपुर<br>अस्थायी ठेगाना : ललितपुर-१०, ललितपुर<br>ना.प्र.नं. : १३४४१, मकवानपुर<br>जमानीकर्ता : कृष्ण कुमार श्रेष्ठ | **ऋणीको नाम : कुरसेद मनसुर** <br>बाबु : रजाक मनसुर<br>बाजे : हुसेनी मनसुर<br>पत्नी : अन्जन खातुन<br>स्थायी ठेगाना : कलैया-६, बारा<br>अस्थायी ठेगाना : महालक्ष्मी-३, ललितपुर<br>ना.प्र.नं. : ३३३०५५/२९८, बारा<br>जमानीकर्ता : हैदर अली |

**समुत्थान बहुउद्देश्यीय सहकारी संस्था लि.**
Samutthan Multipurpose Co-operative Ltd.
काठमाडौँ, जडिबुटि, नरेफाँट फोन नं. ०१-५१४९३७७

# आफ्नै खेत बगेको भन्दा वडा भवन ढलेकामा दुःखी...

**गण्डकी–** आफ्नै कार्य समयमा ठडिएको वडा कार्यालय भवन दरमखोलाको बाढीले बगाएपछि बागलुङको गलकोट नगरपालिका-९ का वडाध्यक्ष तेजबहादुर थापाको मन कुँडिएको छ । बुधबार साँझपख क्षतिग्रस्त भवनछेउ भेटिएका उनी चिन्तित थिए ।

दरमखोला किनारमा लडेको भवनतिर हेर्दै उनले भने, 'मलाई मेरो १० मुरी धान फल्ने खेत बगेर केही फरक परेको छैन, त्यहाँ अहिले खोला हिँडेको छ, तर यो वडा भवनसँगै मेरो इतिहास पनि मेटिएकामा सारै दुःख लागेको छ ।' वडाध्यक्ष थापाको बाह्रमुरीमा रहेको धानखेत पनि गत आइतबार आएको बाढीका कारण बगरमा रूपान्तरण भएको छ ।



उनलाई आफ्नो निजी सम्पत्तिमा पुगेको क्षतिभन्दा वडा कार्यालय भवन ढलेकामा बढी पिरलो छ । स्थानीयवासी पनि वडाको 'गहना'का रूपमा रहेको वडा कार्यालय भवन बाढीमा बग्दा चिन्तित रहेको वडाध्यक्ष थापाले सुनाए । वडा कार्यालयका अभिलेखसहित केही महत्त्वपूर्ण सामग्री/उपकरण बचाउन सकिए पनि सबैको पहलमा बनेको भवनसहित सरकारी सम्पत्ति नास हुँदा दुःख लागेको उनको भनाइ छ । 'अहिले पनि म राम्रोसँग निदाउन सकेको छैन, अझै पनि ढलेको भवनभित्रबाट केही सामान झिक्न सकिन्छ कि भनेर यहाँ आइरहन्छु, मेरो मन-आत्मा त्यहीँ भवनमा छ,' उनले भने ।

वि.सं. २०७४ को स्थानीय तह चुनावमा थापा वडाध्यक्षमा निर्वाचित भएपछि उनसहित स्थानीयवासीको विशेष पहल र नगरपालिकाको. ८० लाख रूपैयाँ बजेटबाट वडाको कार्यालय भवन निर्माण भएको थियो । दोस्रो कार्यालय पनि वडाध्यक्ष बनेका थापाले भवनलाई सुविधायुक्त बनाउन स्रोतसाधनको आवश्यक जोहो गरेका थिए ।

चिटिक्कको भवन छिनभरमै ढल्दा मन भारी भएको उनको भनाइ छ । वडाको बजेट र स्थानीयवासीको सहयोगबाट तीन रोपनी जग्गा खरिद गरी भवन बनाइएकामा अहिले नामोनिसान नरहनेगरी भवन र जग्गा बाढीले बगाएको हो । भवनसँगै झण्डै १५ लाख रूपैयाँमा जडान गरिएको सौर्य उर्जामा पनि क्षति पुगेको वडाध्यक्ष थापाले बताए । नदीले कटानले भवनमा जोखिम बढ्दै गएपछि स्थानीयवासी मिलेर कम्प्युटर, ल्यापटपलगायत केही महत्त्वपूर्ण सामान भवनबाट झिक्न सफल भएका थिए ।

दरमखोलाको बहावले जमिन छिचोल्दै गएपछि आइतबार बेलुका ४ बजेतिर वडा भवन खोला किनारमा ढलेको थियो । जगैदेखि ढले पनि भवनको माथिल्लो संरचनामा भने खासै क्षति नपुगेको स्थानीयवासी हुमलाल ढकालले बताए । 'भवनको संरचना बलियो रहेछ, जगबाटै पल्टँदा पनि भवनको झ्यालको सिसासमेत फुटेको छैन,' उनले भने, 'खोलाको कटानले जग खल्बलिएर ढलेको भए पनि भवन सग्लै छ ।'

बाढीले वडा कार्यालय नजिक रहेको ढकालको घर पनि जोखिममा परेको छ । 'पानी पर्‍यो भने घर छाडेर हिँड्नुपर्ने अवस्था छ,' ढकालले भने, 'बाढीप्रभावितको राहत र पुनर्निर्माणमा सरकारले ध्यान दिओस् भन्ने हाम्रो माग छ ।' बाढीले वडा नं. ९ का केही घरगोठ र ठूलो मात्रामा धानखेत बगाएको छ । बाह्रमुखी, टिमुरबोटलगायत फाँटमा पाक्नै लागेको धानसँगै खेत बाढीले उजाडेपछि किसान पीडामा छन् ।

गलकोट नगरपालिकाले क्षतिको यकिन विवरण संकलन गर्ने काम भइरहेको जनाएको छ । प्रारम्भिक विवरणअनुसार बाढीपहिरोमा कारण गलकोठ नगर क्षेत्रभित्र २२ घरगोठमा क्षति पुगेको छ । 'रिसोर्ट'लगायत व्यावसायिक संरचनामा पनि क्षति पुगेको जनाइएको छ । नगरप्रमुख भरत शर्मा गैरेले सरकारी र निजी गरी करोडौंको भौतिक सम्पत्तिमा क्षति पुगेको बताए । 'बाढीका कारण गलकोटमा मानवीय क्षति नभए पनि ठूलो भौतिक क्षति भएको छ,' उनले भने, 'बाढीपहिरो प्रभावित परिवारका लागि तत्काल राहतसँगै पुनर्निर्माणका काममा योजना बनाएर काम गर्छौं ।' *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७७/०६/२८ मा दर्ता भएको **प्रा. लि. नं. २४५२६३** को **लुम्बिनी डिस्कोभरी एजुकेशन सर्भिसेस** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावीको सूचना**

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला बिहारी ना.पा.वडा नं.६ बस्ने श्री स्वरुप साहकी नातीनी, श्री फुझार साहकी छोरी, श्रीमती कुशमी देवि तेलिको मिति बि.सं.२०८०/०८/३० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता न: ०२६००५०२४१९२३ (नयाँ खाता: ०१४०५०८३३३५३५) मा भएको सम्पूर्ण रकम उपलव्ध गराई पाँउ भनि निजको छोरा राम जतन साहले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | शाखा कार्यालय, मिथिला बिहारि
फोन नं.:-९८०७८८१२६२/९८०१६२३४००



**कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८३/०६/१६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली कार्यबिधी बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

**ट्रफिकचोक**

**ऋणीको विवरण**

१. **हरि कला रेश्मी**
ना.प्र.नं. ४११००७/६९८२९
जारी मिति २०६४/१०/०८
जि.प्र.का. गुल्मी
बाबु - तारा पति पुन मगर
बाजे - दल बहादुर रेश्मी
स्थायी ठेगाना- गुल्मी जिल्ला, बलिथुम गा.वि.स., वडा नं. ०९
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १२

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **पुर्ण बहादुर रेस्मी**
ना.प्र.नं.- २५६६
जारी मिति - २०५०/०१/०९
जि.प्र.का. गुल्मी
बाबु - इन्द्र बहादुर रेस्मी
बाजे - दल बहादुर रेस्मी
स्थायी ठेगाना- गुल्मी जिल्ला, बलिथुम गा.वि.स., वडा नं. ०९
हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १२,

**धितो सुरक्षणको विवरण**

१. **हरीकला रेश्मी**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स./न.पा वडा नं. २ स्थित कित्ता नं. ३९३३ को क्षे.फ. ८८.८९ (व.मी) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**दलदले, नवलपरासी (ब.सु.पू)**

**ऋणीहरूको विवरण**

१. औधोगिक व्यवसाय ऐन बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्राल, उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व),मिति २०७७/१२/०९ मा उधोग दर्ता नं:१७१८/०७७/०७८ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, देबचुली न.पा. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रहेको **वरटाडी कृषी तथा पशुपंक्षी फर्म ।**
**प्रोप्राईटर - विन्यमिन तामाङ्ग**

२. **विन्यमिन तामाङ्ग**
ना.प्र.नं.- ३६२००८/२३४१
जारी मिति - २०७३/०५/०७ जि.प्र.का. नवलपरासी
बाबु - प्रतीमान तामाङ्ग
आमा - वुजि जोम तमाङ्गनी
बाजे - सार्कि लामा तामाङ्ग
स्थायी ठेगाना- नवलपरासी जिल्ला, रजहर गा.वि.स., वडा नं. ०८
हालको ठेगाना- नवलपरासी ब.सु.पू. जिल्ला, देबचुली न.पा, वडा नं. १७

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **विन्यमिन तामाङ्ग**
ना.प्र.नं.- ३६२००८/२३४१
जारी मिति - २०७३/०५/०७ जि.प्र.का. नवलपरासी
बाबु - प्रतीमान तामाङ्ग
बाजे - सार्कि लामा तामाङ्ग
स्थायी ठेगाना- नवलपरासी जिल्ला, रजहर गा.वि.स., वडा नं. ०८
हालको ठेगाना- नवलपरासी ब.सु.पू. जिल्ला, देबचुली न.पा, वडा नं. १७

२. **प्रतीमान तामाङ्ग**
ना.प्र.नं.- २३१०
जारी मिति - २०४५/१२/१७ जि.प्र.का. धादिङ्ग
बाबु - सार्कि लामा तामाङ्ग
पत्नि - वुजि जोम तमाङ्गनी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, दार्खा गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- नवलपरासी ब.सु.पू. जिल्ला, देबचुली न.पा, वडा नं. १७

३. **वुजि जोम तमाङ्गनी**
ना.प्र.नं.- १/१२३५
जारी मिति - २०४६/०२/२२ जि.प्र.का. धादिङ्ग
बाबु - लासिरिङ तामाङ्ग
आमा - सिर्जन तामाङ्ग
बाजे - पङपङ तामाङ्ग
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, दार्खा गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- नवलपरासी ब.सु.पू. जिल्ला, देबचुली न.पा, वडा नं. १७

**धितो सुरक्षणको विवरण**

१. **प्रति मान तामाङ्ग**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, सिसवार गा.वि.स./न.पा. वडा नं.१ ङ स्थित कित्ता नं. ४० को क्षे.फ. ०-५-०-० (विगाहा) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. धनी कुमारी बैंक लि र ऋणी **विन्यमिन तामाङ्ग** कायम लुम्विनी अञ्चल यातायात कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 61D63512688, च्यासिस नं MAT466420G1R10477 र सवारी नं. लु २ ख ३७५ को Truck थान १
३. धनी कुमारी बैंक लि र ऋणी **विन्यमिन तामाङ्ग** कायम नारायणी अञ्चल यातायात कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 61c63503615, च्यासिस नं MAT466420G1C06759, र सवारी नं. ना ६ ख ४४१८ को त्चगअप थान १
४. ऋणी **वरटाडी कृषी तथा पशुपंक्षी फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**पुरानो पर्सा, चितवन**

**ऋणीको विवरण**

१. **एसनि देवि महतो**
ना.प्र.नं.- ९०८
जारी मिति - २०५०/१२/१२ जि.प्र.का. चितवन
बाबु - छन्नु महतो
पति - आसाराम महतो
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०८
हालको ठेगाना - चितवन जिल्ला खैरहनी न.पा वडा न. ०५

**धितो सुरक्षणको विवरण**

१. **आसा राम महतो**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा. वडा नं. ८/८क स्थित कित्ता नं. ८४५ को क्षे.फ. ०-२-० (बि-क-ध)जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **आसा राम महतो**
ना.प्र.नं.- ४२८९
जारी मिति - २०४२/०५/०६ जि.प्र.का. चितवन
बाबु - जियन महतो
बाजे - गेनाही महतो
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०८
हालको ठेगाना - चितवन जिल्ला खैरहनी न.पा वडा न. ०५

२. **किसन चौधरी**
ना.प्र.नं.- ३५१००४/७३४
जारी मिति - २०६८/०३/०५ जि.प्र.का. चितवन
बाबु - आसा राम महतो
बाजे - जियन महता
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०८
हालको ठेगाना - चितवन जिल्ला खैरहनी न.पा वडा न. ०५

३. **बिसुना चौधरी**
ना.प्र.नं.- २७२८/०४४
जारी मिति - २०६२/१२/२५ जि.प्र.का. चितवन
बाबु - आसाराम महतो
बाजे - जियन महता
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०८
हालको ठेगाना - चितवन जिल्ला खैरहनी न.पा वडा न. ०५

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१



**खुसी खुसी वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
च.न.पा.८, मातातीर्थ, काठमाडौं

**कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैतिस) दिने सूचना**

प्रकाशित मिति २०८३/०६/१६ गते

यस संस्थाबाट तपसिल बमोजिमको ऋणीहरूले कर्जा सम्झौता शर्त बमोजिम लिएको कर्जा रकमको साँवा व्याज समेत तिर्न बुझाउन संस्थाबाट पटक-पटक ताकेता गरी मौखिक एवम् लिखित पत्राचार गर्दा समेत पत्रको बेवास्ता गरी म्याद (भाका) गुजारी संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जा रकमको साँवा, व्याज समेत नतिरी आफूले तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना चुक्ता गर्न आउने बारेको यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्रमा यस कार्यालयमा कर्जाको साँवा, व्याज, एवम् हर्जना समेत भुक्तानी गर्नु गराउनु होला साथै ऋणीले कर्जा लिंदा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानत दिने व्यक्तिलाई समेत उल्लेखित व्यहोरा अवगत गराउँदै म्यादभित्र कर्जा चुक्ता गर्न गराउन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा सहकारी ऐन, नियम संस्थाको कर्जा असुली सम्बन्धि नीति तथा प्रचलित कानून बमोजिम कर्जा असुलउपर गरिने तथा ऋणी एवम् जमानीको तीन पुस्तासहित कर्जा सूचना केन्द्रमा कालो सूचीमा राख्न अनुरोध गर्ने समेत व्यहोराको यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको नाम | ठेगाना | ना.प्र.नं | बाबु/पतिका नाम | बाजे/ससुराको नाम | जमानीको नाम |
|---|---|---|---|---|---|---|
| १. | रामचन्द्र श्रेष्ठ | च.न.पा ८, काठमाडौं | ९३६२ | गणेश बहादुर श्रेष्ठ | हर्क बहादुर श्रेष्ठ | सीता श्रेष्ठ |
| २. | जितेन्द्र गोपाली | च.न.पा २, काठमाडौं | १२३३५।६७०६ | सूर्य बहादुर गोपाली | हिरामान गोपाली | पुर्णेश्वरी महर्जन |
| ३. | साजन के.सी | च.न.पा ८, काठमाडौं | २७३०४।२६ | हरिशरण के.सी | रण बहादुर के.सी | हरिशरण के.सी |
| ४. | सन्तोष श्रेष्ठ | च.न.पा १४, काठमाडौं | ७८६१ | कृष्ण प्रसाद श्रेष्ठ | बिष्णु कुमार श्रेष्ठ | रामेश्वरी कक्षपती |
| ५. | ध्रुव वज्राचार्य | कि.न.पा ४, काठमाडौं | १०५८।६७८९२ | प्रेम रत्न बज्राचार्य | हर्ष मुनि बज्राचार्य | तारा बज्राचार्य |
| ६. | प्रेम कुमार बुढाथोकी | कि.न.पा ४, काठमाडौं | २७२७४२४९ | कृष्ण बहादुर बुढाथोकी | लाल बहादुर बुढाथोकी | रोशन बुढाथोकी |
| ७. | तेज बहादुर महर्जन | कि.न.पा ४, काठमाडौं | २३७१।१२६२ | कुल बहादुर महर्जन | लक्ष्मी दास महर्जन | मोसीस महर्जन |
| ८. | प्रेम बहादुर विश्वकर्मा | च.न.पा १०, काठमाडौं | ५२१०२०।४७१ | मनरखे कामी | हस्त विर कामी | रिता वि.क |
| ९. | रूपेश आचार्य | कि.न.पा ४, काठमाडौं | ७४१४ | सुदामा आचार्य | कृष्ण प्रसाद आचार्य | शान्ता आचार्य |
| १०. | बिमला राई | च.न.पा ८, काठमाडौं | ०३१०३२/१५१६२९ | राज कुमार राई | | ललिता सुब्बा |
| ११. | कमला नेगी | च.न.पा ८, काठमाडौं | ५९/३९१३४ मकवानपुर | कमन सिंह राना | | अर्जुन नेगी |
| १२. | राजेन्द्र कुमार गुरुङ | च.न.पा १४, काठमाडौं | ५५३२४ स्याङ्जा | | | बेल कुमारी गुरुङ |
| १३. | दिपक लामा तामाङ | च.न.पा ८, काठमाडौं | २७-१६२७६-१३७४ | कुमार तामाङ | कृष्ण बहादुर तामाङ | सुनिल लामा व्लोन |
| १४. | कमल प्रसाद पौडेल | च.न.पा ८, काठमाडौं | ७१२१/२१७८ | रशिधर पौडेल | लोक नाथ पौडेल | बाबुकाजी खत्री |
| १५. | अस्मित कुमार गुप्ता | कि.न.पा ४, काठमाडौं | १८०३/११ रौतहट | गंगा सागर गुप्ता | मनु सागर गुप्ता | रेखा गुप्ता/ नरेश महर्जन |
| १६. | सुनिता अर्याल | च.न.पा ८, काठमाडौं | ४०० काठमाडौं | अर्जुन के.सी | | आशिश अर्याल |
| १७. | कपिल कपाली | कि.न.पा ४, काठमाडौं | १०६०/५०१२३ काठमाडौं | शन्त लाल कपाली | | सुदर्शन थापा |
| १८. | घनश्याम शेवा | च.न.पा ९, काठमाडौं | ९१६८ काठमाडौं | गोपाल शेवा | | आशिश सेवा |
| १९ | अनिल लामा | च.न.पा ८, काठमाडौं | ३१-०१-७१-१०५५२ काभ्रेपलान्चोक | शुरेश लामा तामाङ | मान बहादुर तामाङ | प्रकृति गुरुवाचार्य |
| २०. | सोनु खत्री | च.न.पा ८, काठमाडौं | | लक्ष्मण आचार्य | | |
| २१. | नारायण राई | च.न.पा ८, काठमाडौं | धनकुटा | | | भगवती राई |
| २२. | विनय चापागाँई | च.न.पा ८, काठमाडौं | २१९८७ काठमाडौं | प्रकाश चापागाँई | | विपिन चापागाँई |
| २३. | विपिन चापागाँई | च.न.पा ८, काठमाडौं | २१८६६ काठमाडौं | प्रकाश चापागाँई | | विनय चापागाँइ |
| २४. | सुनिता भण्डारी | च.न.पा ८, काठमाडौं | २७-१०४७/६३५५३ काठमाडौं | लिला बहादुर मगर | | सुवास भण्डारी |
| २५. | राजन प्रसाद गजुरेल | च.न.पा ८, काठमाडौं | १६९४/७८८४८ सिन्धुपाल्चोक | गंगानाथ गजुरेल | मेघनाथ गजुरेल | भबिसरा गजुरेल |
| २६. | नथुराम यादव | च.न.पा ५, काठमाडौं | ११०८४८१७ सप्तरी | रवि यादव | बाईनी यादव | बिकेश महर्जन |
| २७. | बिष्णु कुमारी लामा | च.न.पा ८, काठमाडौं | १०७८ पर्सा | | | विनोद लामा |
| २८. | बबिता महर्जन | कि.न.पा ५, काठमाडौं | २२४६० ललितपुर | राम महर्जन | सूर्यमान महर्जन | सुर्यमान महर्जन |
| २९. | सुमन के.सी | कि.न.पा ४, काठमाडौं | २७-०६-७४-००५१२ | नवराज के.सी | कृष्ण बहादुर के.सी | नवराज के.सी |
| ३०. | सुर्य कार्की | कि.न.पा ५, काठमाडौं | २७१०६०/१५४२ | किर्कि बहादुर कार्की | टेक बहादुर कार्की | |
| ३१. | सुनिरा जोशी | च.न.पा ८, काठमाडौं | ३६१०५।१२९५ | राजेन्द्र जोशी | मान बहादुर के.सी | प्रदिप के.सी |
| ३२. | कृष्ण सेढाइ | च.न.पा ८, काठमाडौं | २३००८ | नारायण सेढाइ | | नारायण सेढाइ |
| ३३. | प्रविन के.सी | च.न.पा ८, काठमाडौं | २६१५५।४०२३१ | राम शरण के.सी | जगत बहादुर के.सी | |
| ३४. | रिता बस्नेत | कि.न.पा ४, काठमाडौं | २७१६५५०।३६०३ | प्रेम बहादुर थापा | कृष्ण बहादुर बस्नेत | श्याम कृष्ण बस्नेत |
| ३५. | दिल माया घले | च.न.पा ८, काठमाडौं | २।२००८ | बहादुर घले | टेक बहादुर घले | राजन प्रसाद गजुरेल |
| ३६. | दिवाकर महर्जन | च.न.पा ८, काठमाडौं | २५५४२ | हरी महर्जन | लकमान महर्जन | विनोद पन्त खत्री |
| ३७. | बद्रि सुनार | च.न.पा ५, काठमाडौं | ४०।४४३ | खोस मान सुनार | सेते सुनार | दिपक दुधराज |
| ३८. | पुनेश्वरी गोपाली | च.न.पा ४, काठमाडौं | ८७६ | पन्चलाल महर्जन | पदम लाल महर्जन | जितेन्द्र गोपाली |
| ३९. | बिमला खड्का | च.न.पा ८, काठमाडौं | १०४७७२०१९ | हर्षजित बल | कान्छो खड्का | राजेन्द्र खड्का |
| ४०. | रविमानसिंह बस्नेत | च.न.पा ५, काठमाडौं | ४००८।२९४१ | रमेश कुमार बस्नेत | तोप मान सिंह बस्नेत | कमला राना बस्नेत |
| ४१. | हरि शरण बस्नेत | कि.न.पा ४, काठमाडौं | २७९३१।१३०।१५७४ | टिका बहादुर बस्नेत | लाल बहादुर बस्नेत | विपिन बस्नेत |
| ४२. | प्रल्हाद विक्रम बाँनिया | च.न.पा ८, काठमाडौं | ६५४९ | भिमशेन बाँनिया | भरत बाँनिया | राधा बाँनिया |
| ४३. | सुरेन्द्र शाही | च.न.पा १०, काठमाडौं | ९१५३ | दिल बहादुर शाही | अष्ट बहादुर शाही | रस्मी शाही |
| ४४. | माधव दुलाल | च.न.पा १४, काठमाडौं | ७९६८।१४०१।६९५१ | जुद्धविर दुलाल | हर्कबिर दुलाल | विमल दुलाल |
| ४५. | रामभक्त गोलपण्डित | च.न.पा ९, काठमाडौं | ११४० | रामचन्द्र गोलपण्डित | कुमाले गोलपण्डित | आशा गोलपण्डित |
| ४६. | विक्रम तामाङ | च.न.पा ८, काठमाडौं | २७१०४७१८२५७ | कान्छा तामाङ | सेते तामाङ | कान्छा तामाङ |
| ४७. | सु दर्शन श्रेष्ठ | च.न.पा ८, काठमाडौं | ११९९४ | सानोकाजी श्रेष्ठ | नारायण कृष्ण श्रेष्ठ | घनस्याम श्रेष्ठ |
| ४८. | बिमला के.सी | च.न.पा ८, काठमाडौं | २७३२६२।४९८८ | मान बहादुर कार्की | जगत बहादुर के.सी | नारायण के.सी |
| ४९. | अष्ट माया महर्जन | च.न.पा ८, काठमाडौं | १०४७६१३०९ | पूर्ण बहादुर मानन्धर | बुलाल मानन्धर | मोहन महर्जन |
| ५०. | सुक्राचार्य पन्त खत्री | च.न.पा ८, काठमाडौं | ८७०।१२०३ | लेक बहादुर पन्त खत्री | लिलाबहादुर पन्त खत्री | मिलन बिक्रम थापा |
| ५१. | संगम महर्जन | कि.न.पा ४ काठमाडौं | २७१०५८।४३५५८ | रत्न महर्जन | राम बहादुर महर्जन | सुनिता बस्नेत |



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष अंक १६१ असोज १५ गते २०८३ मा प्रकाशित मलेसिया देशको LT 342614 को HIAP SENG HAUT TRADING SDN.BHD कम्पनीको General Worker/Factory Worker को सङ्ख्या **पुरुष-१** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com

**बिमालेख हरायो**

मिति २०८३/०५/१० गते काठमाडौंस्थित नक्साल जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : मोनिका थापा
**बिमालेख नं.** : १२००११६६९
**बीमा कम्पनी** : एल आई सी (नेपाल) लि. काठमाडौं
**ठेगाना** : काठमाडौँ-०६
**सम्पर्क नं.** : ९८४०८६०५५७

**टुरिष्ट गाइड लाइसेन्स हराएको सूचना**

मिति २०८३/०५/२१ गते काठमाडौँ ठमेलमा मेरो निम्न व्यहोरा भएको **टुरिष्ट गाइड लाइसेन्स** हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध गर्दछु ।

**नाम** : टोनी थापा मगर
ठेगाना : खनियाबास-४ (राउते), धादिङ
हराएको डकुमेन्ट : ट्रेकिङ गाइड लाइसेन्स
लाइसेन्स नं. : ९७६८
हराएको स्थान : काठमाडौँस्थित ठमेल क्षेत्रमा
सम्पर्क नं. : ९८१५१३९२३२

**नाम परिवर्तन सम्बन्धि सूचना**

पहिलो पटक प्रकाशित मिति: २०८३/०६/१६
कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०६/०५ बमोजिम यस रामकोट बिन्दबासिनी हार्डवेयर को साविकको नाम परिवर्तन भई रामकोट बिन्दबासिनी हस्पिटालिटी भएको जानकारी गराउँदछु ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शक्तिशाली सरकारले जगाउन नसकेको आशा

सुशासन र बेथितिविरुद्ध युवाहरू सडकमा आएपछि भदौ २३ र २४ गते विद्रोह नै भयो । यो विद्रोहको मत थियो – अबको दिनमा देशमा थिति बसालिनेछ । यही अनुसार फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन भयो । एकै दलले बहुमत नल्याएको कारण स्थिर सरकार नबनेको एउटा भाष्य बनेको बेला राष्ट्रिय स्वतन्त्र पार्टीलाई एकमाना सरकार बनाउने सुविधा जनताले दियो । यही सरकारबाट धेरैजसो निराशा आशामा बदलिने धेरैको अपेक्षा थियो । तर स्पष्ट बहुमत र शक्तिशाली जनमतका आधारमा निर्माण भएको सरकारलेसुरुवाती ६ महिनामा जनतालाई आशाको सञ्चार गराउन भने सकेन । विभिन्न नियुक्तीमा पुरानै दलभन्दा एक कदम अघि सरेर आफ्नै दलनिकटलाई प्राथमिकता दिइरहेको प्रष्टै देखिएको छ । भोटेकोशी–त्रिशुली बाढी होस् या पछिल्लो विपद्मा सरकार प्रभावकारी रूपमा लाग्न पनि सकेन ।

शिक्षा, स्वास्थ्य जस्ता प्रत्यक्ष जनसरोकारका क्षेत्रहरूमा सुधारको सट्टा नीतिगत अन्योल र विवादहरू बढेका छन् । देशको स्थायी सरकार प्रशासनलाई सरकारले विश्वासमा लिएर काम गर्न सकेको छैन । विभिन्न हस्तक्षेपले कर्मचारी त्रसित हुँदा नियमित कामहरूसमेत प्रभावित भएका छन् । सुरक्षा निकायलाई रास्वपाका नेताले खुलेआम थर्काउने गर्दा प्रहरीको मनोबल गिर्दो छ । जनताले दैनिक जीवनमा महसुस गर्ने महँगी, अस्तव्यस्त यातायात, र सुस्त विकास निर्माणका कामहरूमा प्रभावकारी परिवर्तन नआउँदा निराशा झनै गहिरिएको छ ।

यो बीचमा दुई युवाले त्रिपुरेश्वरमा आत्मदाह गरेका छन् । यो विषयमा सरकार खासै गम्भीर देखिँदैन । रोजगारी सिर्जना अहिलेको प्रमुख आवश्यकता हो । तर सरकारले रोजगारी सिर्जनाको साटो आतंक फैलाउने काम गरेको छ । ६ महिनाको यो अवधि सरकारका लागि एउटा गम्भीर समीक्षा गर्ने र आफ्ना कमजोरी सुधार्ने महत्त्वपूर्ण मोड हो । जनताले सरकारबाट भाषण र घोषणा मात्र होइन, ठोस परिणाम र पारदर्शी कार्यशैली चाहेका छन् । शक्तिशाली सरकार हुनुको वास्तविक अर्थ निर्णय प्रक्रियामा दृढता र कार्यान्वयनमा प्रभावकारिता देखिनु हो । नीतिगत स्पष्टता, राजनीतिक हस्तक्षेपको अन्त्य, र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको व्यावहारिक कार्यान्वयन नै अहिलेको मुख्य आवश्यकता हो ।

तर यही बेला सत्तारुढ दलभित्रै खटपट शुरु भएको छ । आवश्यक छलफलबिनै प्रधानमन्त्री वालेन्द्र शाहदेखि मन्त्रिपरिषद् लागेको देखिन्छ । संसदीय दल र संसदप्रति मन्त्रिपरिषद्को झुकाव पनि देखिँदैन । यस्तो अवस्थामा पार्टीभित्रै अविश्वास बढ्दो छ । यस्तो अविश्वास र शिथिलतालाई पन्छाउँदै सरकारले आफ्ना प्राथमिकताहरूलाई पुनः परिमार्जित गर्नुपर्छ । नागरिकको घट्दो विश्वासलाई पुनः जागृत गराउन गफभन्दा काम र नतिजामा जोड दिनु र आशा जगाउनु अनिवार्य छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# कांग्रेसको १५औं महाधिवेशन: एकता, पुस्तान्तरण र विभाजनको चुनौती



❑ आरपी गैरे

देउवापक्षले असोजको महाधिवेशन स्वीकार नगर्नुको पछाडि महाधिवेशनको प्रक्रिया, वैधानिकता र नेतृत्वसम्बन्धी असहमति जोडिएको हुन सक्छ । तर ती असहमतिलाई कसरी समाधान गरिन्छ भन्ने कुराले पार्टीको भविष्य निर्धारण गर्ने छ । समानान्तर महाधिवेशनले पार्टीभित्रका दुई धारलाई औपचारिकरूपमा अलग-अलग संरचनामा अघि बढाउने अवस्था सिर्जना गर्न सक्छ । त्यसको प्रभाव केन्द्रीय नेतृत्वमामात्र सीमित नभई प्रदेश, जिल्ला, क्षेत्र र वडा तहसम्म पुग्न सक्छ ।

नेपाली कांग्रेसको १५औं महाधिवेशन नजिकिँदै गर्दा पार्टीभित्र नेतृत्वको प्रतिस्पर्धा, पुस्तान्तरणको बहस र संगठनात्मक एकताको प्रश्न थप जटिल बन्दै गएको छ । विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाको नेतृत्वमा हुन लागेको १५औं महाधिवेशनलाई लिएर पार्टीभित्र दुई फरक धार स्पष्ट देखिएका छन् । एकातिर गगन थापा नेतृत्वको समूहले असोजमा महाधिवेशन सम्पन्न गर्ने तयारी गरिरहेको छ भने अर्कोतिर शेरबहादुर देउवापक्षले असोजको महाधिवेशनलाई स्वीकार नगर्ने र मंसिरमा समानान्तर महाधिवेशन गर्ने कार्यक्रम अघि सारेको छ । यसले नेपाली कांग्रेसको आन्तरिक विवादलाई नेतृत्व परिवर्तनको प्रतिस्पर्धाबाट अघि बढाएर पार्टीको वैधानिकता, संगठनात्मक एकता र राजनीतिक भविष्यसँग जोडिएको गम्भीर प्रश्नका रूपमा उभ्याएको छ ।

संशोधित कार्यतालिकाअनुसार नेपाली कांग्रेसको १५औं महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिको रजिस्ट्रेसन असोज १६ र १७ गते, उद्घाटन असोज १८ गते, बन्द सत्र असोज १९ र २० गते तथा निर्वाचन असोज २१ र २२ गते हुने कार्यक्रम तय गरिएको छ । तर देउवापक्षले असोजको महाधिवेशनलाई स्वीकार नगरी मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने कार्यक्रम अघि सारेपछि कांग्रेसको आगामी राजनीतिक दिशा अनिश्चित बनेको छ । एउटै पार्टीभित्र दुईवटा महाधिवेशनको तयारी हुनु सामान्य आन्तरिक प्रतिस्पर्धाभन्दा फरक अवस्था हो । यसले पार्टीको संगठनात्मक संरचना, नेतृत्वको स्वीकार्यता र तल्लो तहसम्मको एकतामा कस्तो प्रभाव पार्छ भन्ने प्रश्न उठाएको छ ।

कांग्रेसको १५औं महाधिवेशन पार्टीको भविष्य, नेतृत्व हस्तान्तरण, संगठनात्मक सुधार र राजनीतिक विश्वसनीयताको परीक्षा पनि हो । पार्टीभित्र देखिएको वर्तमान विवादले कांग्रेसका आम नेता तथा कार्यकर्तामा चिन्ता बढाएको छ । लामो समयदेखि कांग्रेसमा आबद्ध नेता तथा कार्यकर्ताले पार्टी विभाजनको दिशामा अघि बढ्न नहुने र असहमत पक्षलाई समेत समेटेर साझा नेतृत्व निर्माण गर्नुपर्ने अपेक्षा राखेका छन् । तर असोज र मंसिरमा अलग-अलग महाधिवेशन गर्ने तयारीले पार्टीभित्रको दूरी अझ बढ्ने सम्भावना देखाएको छ ।

## गगन थापाको नेतृत्व र एकताको चुनौती

विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाको नेतृत्वमा हुन लागेको १५औं महाधिवेशनलाई कांग्रेसको नेतृत्व परिवर्तन र पुस्तान्तरणको प्रक्रियाका रूपमा हेरिएको छ । लामो समयदेखि पार्टीभित्र नयाँ नेतृत्व, नयाँ सोच र संगठनात्मक सुधारको आवाज उठाउँदै आएका थापाका अगाडि अहिले सबैभन्दा ठूलो चुनौती पार्टीलाई एकताबद्ध बनाउनु हो । नेतृत्व परिवर्तनको बहसलाई अघि बढाउनु एउटा कुरा हो भने पार्टीभित्रका सबै पक्षलाई विश्वासमा लिएर संगठन सञ्चालन गर्नु अर्को महत्त्वपूर्ण जिम्मेवारी हो । देउवा पक्षलाई समेट्न नसकेको विषयलाई गगन थापाको नेतृत्व क्षमतासँग जोडेर बहस हुन थालेको छ ।

गगन थापाले नयाँ कांग्रेस निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै गर्दा पार्टीको पुरानो नेतृत्व र त्यससँग जोडिएका नेता तथा कार्यकर्तालाई कसरी समेट्छन् भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ । परिवर्तनको पक्षमा उभिने नेतृत्वले असहमत पक्षको भावना, अनुभव र योगदानलाई सम्मान गर्न सक्नुपर्छ । पार्टीको एउटा ठूलो हिस्सालाई विश्वासमा लिन नसक्ने अवस्था कायम रह्यो भने नयाँ नेतृत्वको राजनीतिक उद्देश्य र संगठनात्मक क्षमतामाथि प्रश्न उठ्न सक्छ । त्यसैले महाधिवेशन सम्पन्न गर्नुमात्र गगन थापाको सफलता हुने छैन । पार्टीभित्रको असन्तुष्टि सम्बोधन गर्दै सबै पक्षलाई एउटै संगठनमा सक्रिय बनाउनु उनको नेतृत्वको वास्तविक परीक्षा हुने छ ।

तर पार्टीभित्रको एकताको जिम्मेवारी गगन थापाको मात्र होइन । शेरबहादुर देउवापक्षले पनि नेतृत्व परिवर्तनको बहस र नयाँ पुस्ताको आकांक्षालाई कसरी सम्बोधन गर्छ भन्ने कुरा उत्तिकै महत्त्वपूर्ण छ । पार्टीको नेतृत्वमा लामो समय बिताएका अनुभवी नेताहरूले नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्ने प्रक्रियालाई सहज बनाउनुपर्ने आवश्यकता छ । पुरानो नेतृत्वको अनुभव र नयाँ नेतृत्वको ऊर्जा एकअर्काका प्रतिस्पर्धी होइनन् । दुवैलाई समेटेर अघि बढ्न सके कांग्रेसको संगठनात्मक शक्ति बलियो हुन सक्छ ।

## देउवापक्षको असन्तुष्टि र समानान्तर महाधिवेशनको प्रश्न

नेपाली कांग्रेसभित्र देउवापक्षले असोजको महाधिवेशनलाई स्वीकार नगरी मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने कार्यक्रम अघि सारेको विषयले पार्टीको विवादलाई थप गहिरो बनाएको छ । पार्टीभित्रको असहमति समाधान गर्न संवाद र सहमतिको बाटो खोजिनुपर्नेमा अलग-अलग महाधिवेशनको तयारी हुनुले संगठनको भविष्यबारे गम्भीर प्रश्न खडा गरेको छ । पार्टीका नेता तथा कार्यकर्ताले एउटै संगठनभित्र रहेर राजनीतिक प्रतिस्पर्धा गर्न पाउने वातावरण कायम रहनु लोकतान्त्रिक अभ्यासका लागि आवश्यक हुन्छ ।

देउवापक्षले असोजको महाधिवेशन स्वीकार नगर्नुको पछाडि महाधिवेशनको प्रक्रिया, वैधानिकता र नेतृत्वसम्बन्धी असहमति जोडिएको हुन सक्छ । तर ती असहमतिलाई कसरी समाधान गरिन्छ भन्ने कुराले पार्टीको भविष्य निर्धारण गर्ने छ । समानान्तर महाधिवेशनले पार्टीभित्रका दुई धारलाई औपचारिकरूपमा अलग-अलग संरचनामा अघि बढाउने अवस्था सिर्जना गर्न सक्छ । त्यसको प्रभाव केन्द्रीय नेतृत्वमामात्र सीमित नभई प्रदेश, जिल्ला, क्षेत्र र वडा तहसम्म पुग्न सक्छ ।

कांग्रेसका लागि अहिलेको आवश्यकता भनेको विवादलाई थप जटिल बनाउनेभन्दा समाधानको बाटो खोज्नु हो । असोजमा महाधिवेशन गर्ने पक्ष र मंसिरमा समानान्तर महाधिवेशन गर्ने पक्षबीच संवादको वातावरण निर्माण हुन सकेन भने पार्टीभित्रको अविश्वास झन् बढ्न सक्छ । दुवै पक्षले आफ्नो राजनीतिक अडानलाई मात्र प्राथमिकता दिएर अघि बढ्दा संगठनात्मक एकता कमजोर हुने जोखिम रहन्छ । पार्टीको नेतृत्व कसले गर्ने भन्ने प्रश्नसँगै पार्टीलाई कसरी एकताबद्ध राख्ने भन्ने विषयलाई पनि प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

## युवा पुस्ताको अपेक्षा र पुरानो नेतृत्वको अनुभव

कांग्रेसभित्र युवा पुस्ताको आकर्षण गगन थापातर्फ बढेको देखिन्छ भने लामो समयदेखि पार्टीमा सक्रिय रहेका पाका तथा अनुभवी नेताहरूको ठूलो हिस्सा देउवापक्षसँग नजिक रहेको देखिन्छ । यद्यपि पार्टीभित्रको विभाजन पूर्णरूपमा उमेरका आधारमामात्र बनेको छैन । युवा पुस्ताभित्र पनि फरक धारणा छन् भने पुरानो पुस्ताभित्र पनि नेतृत्व परिवर्तनको पक्षमा आवाज उठाउनेहरू छन् । तर समग्रमा हेर्दा कांग्रेसको वर्तमान विवाद पुस्तान्तरणको बहससँग गहिरो रूपमा जोडिएको छ ।

युवा पुस्ताले पार्टीमा नयाँ सोच, पारदर्शिता, जवाफदेहिता र अवसरको समान वितरण खोजिरहेको छ । उनीहरू नेतृत्वमा नयाँ अनुहारमात्र होइन, पार्टी सञ्चालनको शैलीमा पनि परिवर्तन चाहन्छन् । अर्कोतर्फ पुरानो पुस्ताले लामो राजनीतिक अनुभव, संगठन निर्माणमा गरेको योगदान र पार्टीको ऐतिहासिक विरासतलाई महत्त्व दिँदै आएको छ । यी दुई पक्षबीच सहकार्य हुन सके कांग्रेसले आफ्नो अनुभव र ऊर्जालाई एकै ठाउँमा ल्याउन सक्छ । तर पुस्तान्तरणलाई द्वन्द्वका रूपमा बुझियो भने पार्टीभित्रको दूरी बढ्न सक्छ ।

गगन थापाले कस्तो कांग्रेस निर्माण गर्न खोजेका छन् भन्ने कुरा महाधिवेशनपछि स्पष्ट हुँदै जाने छ । के उनले पार्टीको संगठनात्मक संरचनामा सुधार ल्याउलान् ? के युवा पुस्तालाई निर्णय प्रक्रियामा अर्थपूर्ण स्थान देलन् ? के पार्टीभित्र फरक मत राख्ने नेता तथा कार्यकर्तालाई सम्मान गर्दै अघि बढ्ने छन् ? यी प्रश्नको जवाफ नयाँ नेतृत्वको कार्यशैली र निर्णयबाट प्राप्त हुने छ ।

## तलदेखि माथिसम्म संगठनको भविष्य

नेपाली कांग्रेसको वास्तविक शक्ति वडा, गाउँ, नगर, क्षेत्र र जिल्लामा रहेका नेता तथा कार्यकर्तामा आधारित छ । केन्द्रीय नेतृत्वमा देखिएको विवादले तल्लो तहसम्म प्रभाव पार्ने सम्भावना छ । यदि स्थानीय तहमा पनि देउवा र गगन समूहका नाममा संगठन विभाजित भयो भने पार्टीको जनसम्पर्क, सदस्यता विस्तार र राजनीतिक गतिविधिमा असर पर्न सक्छ । पार्टीका लागि लामो समयदेखि काम गर्दै आएका कार्यकर्ताले आफूलाई नेतृत्वको निर्णय प्रक्रियाबाट टाढा महसुस गरे भने उनीहरूको सक्रियता कमजोर हुन सक्छ ।

कांग्रेसले महाधिवेशनलाई केवल नेतृत्व चयनको प्रक्रियामा सीमित नराखी संगठनात्मक सुधारको अवसरका रूपमा उपयोग गर्नुपर्छ । वडा तहदेखि केन्द्रीय तहसम्म कार्यकर्ताको भूमिका सुनिश्चित गर्ने, जिम्मेवारी वितरणमा पारदर्शिता कायम गर्ने र स्थानीय मुद्दालाई पार्टीको नीतिसँग जोड्ने काम आवश्यक छ । पार्टीभित्रको विवाद समाधान गर्न नसक्दा जनतासँगको सम्बन्ध पनि कमजोर हुन सक्छ । त्यसैले महाधिवेशनपछि बन्ने नेतृत्वले संगठनलाई एकताबद्ध बनाउँदै जनताका दैनिक समस्यामा केन्द्रित हुनुपर्ने छ ।

## निष्कर्ष: कांग्रेसको भविष्य एकतामा निर्भर

नेपाली कांग्रेसको १५औं महाधिवेशनले पार्टीको नेतृत्वमात्र चयन गर्ने छैन, यसको आगामी राजनीतिक दिशा पनि निर्धारण गर्ने छ । असोज १६ र १७ गते प्रतिनिधि रजिस्ट्रेसन, असोज १८ गते उद्घाटन, असोज १९ र २० गते बन्द सत्र तथा असोज २१ र २२ गते निर्वाचन गर्ने कार्यतालिका अघि बढिरहेको अवस्थामा देउवा पक्षले मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने कार्यक्रम ल्याउनुले पार्टीभित्रको विवादलाई गम्भीर बनाएको छ ।

गगन थापाको नेतृत्वले नयाँ कांग्रेस निर्माण गर्ने अवसर पाएको छ, तर त्यसका लागि पार्टीभित्रका सबै पक्षलाई समेट्ने क्षमता देखाउनुपर्ने छ । देउवापक्षले पनि नेतृत्व परिवर्तन र पुस्तान्तरणको आकांक्षालाई सम्बोधन गर्दै संगठनात्मक एकताका लागि सहकार्य गर्नुपर्ने छ । पार्टीको भविष्य कुनै एक समूहको जित वा अर्को समूहको पराजयमामात्र निर्भर छैन । यसको भविष्य तलदेखि माथिसम्मका नेता तथा कार्यकर्तालाई एउटै संगठनमा राखेर साझा राजनीतिक लक्ष्यका साथ अघि बढ्न सक्ने क्षमतामा निर्भर छ ।

अन्ततः कांग्रेसको १५औं महाधिवेशनले नेतृत्व परिवर्तनसँगै एकता, सहकार्य र संगठनात्मक सुधारको बाटो खोल्न सक्छ कि सक्दैन भन्ने प्रश्न सबैभन्दा महत्त्वपूर्ण बनेको छ । महाधिवेशनपछि कांग्रेस एकताबद्ध भएर अघि बढ्छ वा असोज र मंसिरका दुई अलग-अलग महाधिवेशनले पार्टीलाई थप विभाजित बनाउँछन् भन्ने कुरा आगामी राजनीतिक घटनाक्रमले स्पष्ट पार्ने छ ।

## पाठक मञ्च

# मलेसियामाथि थप कूटनीतिक दबाब बढाऔं

मलेसियाको विदेशी कामदार केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा सूचीकृत २५ वटा मुख्य र २५० वटा सहायक नेपाली वैदेशिक रोजगार एजेन्सीहरूलाई सो प्रणालीबाट हटाउन नेपाल सरकारले कूटनीतिक च्यानलमार्फत गरेको पत्राचार र चालेको कदम स्वागतयोग्य छ । सीमित व्यवसायीहरूको एकाधिकार (सिण्डिकेट) कायम हुने र बहुसंख्यक इजाजतपत्र प्राप्त संस्थाहरूलाई अवसरबाट वञ्चित गराउने खालको प्रणालीविरुद्ध सरकारले लिएको अडान प्रशंसनीय छ । प्रधानमन्त्री वालेन्द्र शाह र श्रममन्त्री रामजी यादवले मलेसियाका समकक्षीहरूसँग सिण्डिकेटको विपक्षमा स्पष्ट अडान राख्नु र आन्तरिकरूपमा छानबिन गरी श्रम स्वीकृति रोकेर कारबाही अगाडि बढाउनुले स्वच्छ, पारदर्शी र प्रतिस्पर्धात्मक श्रम बजारप्रतिको प्रतिबद्धता दर्शाउँछ ।

तथापि, सरकारको यो सकारात्मक पहलका बाबजुद समस्याको ठोस समाधान अझै निस्कन सकेको छैन । एकातिर नेपाल सरकारले सिण्डिकेट खारेजीको अडान लिइरहने र अर्कोतिर मलेसियाको मानव संसाधन मन्त्रालयले एफडबल्युसिएमएसमा सूचीकृत संस्थाहरूबाट मात्रै श्रमिक भर्ती गर्ने सूचना जारी गरिरहने विरोधाभासपूर्ण स्थिति उत्पन्न भएको छ । मलेसिया नेपाली श्रमिकहरूका लागि एक प्रमुख र रोजगारीको ठूलो गन्तव्य मुलुक हो । यस्तो अन्योलको स्थिति लम्बिँदै जाँदा रोजगारीको पर्खाइमा रहेका हजारौं युवाहरू प्रत्यक्ष मारमा परेका छन् भने मलेसिया जाने श्रमिकको संख्यामा पनि उल्लेख्य गिरावट आएको छ ।

त्यसैले, मलेसिया सरकारले मौखिकरूपमा एकाधिकार र बिचौलियाको विरोध गर्ने तर व्यवहारमा एफडब्ल्युसिएमएस प्रणाली नै लागू गर्न खोज्ने विरोधाभासलाई चिर्न नेपाल सरकारले कूटनीतिक पहललाई थप तीव्र, उच्चस्तरीय र नतिजामुखी बनाउनु अत्यावश्यक छ । मलेसियासँगको श्रम सम्बन्ध र द्विपक्षीय सम्झौताको मर्मलाई ध्यानमा राख्दै परराष्ट्र मन्त्रालय र नेपाली दूतावासमार्फत मलेसिया सरकारका उच्च अधिकारीहरूसँग निरन्तर वार्ता गरिनुपर्छ । मलेसियामा हाल देखिएको द्विविधा हटाउन उच्चस्तरीय प्राविधिक तथा कूटनीतिक टोली परिचालन गरी नेपालका सबै वैधानिक एजेन्सीहरूले समान अवसर पाउने साविककै पारदर्शी प्रणाली पुनः सञ्चालनमा ल्याउन दबाब दिनुपर्छ ।

साथै, वैदेशिक रोजगार विभागले सिण्डिकेट प्रकरणमा संलग्न व्यवसायीमाथि सुरु गरेको छानबिनलाई विनाकुनै दबाब पारदर्शी र द्रुत गतिमा टुंगोमा पुर्‍याउनुपर्छ । देशभित्रै रहेका सीमित बिचौलियाहरूको प्रभावलाई पूर्णरूपमा निस्तेज पार्दै अन्तर्राष्ट्रिय मञ्चमा नेपालको श्रम स्वाभिमानको रक्षा गर्नु आजको आवश्यकता हो ।

नेपाल सरकारले हालसम्म देखाएको तत्परताको उच्च मूल्यांकन गर्दै, यस कदमलाई केवल पत्राचारमा मात्र सीमित नराखी निर्णायक निष्कर्षमा पुर्‍याउन कूटनीतिक संयन्त्रलाई थप सशक्त बनाइयोस् भनी जोडदार माग गर्दछु ।

**- रामचन्द्र खतिवडा**
**वैदेशिक रोजगार व्यवसायी, काठमाडौं**

# पहिरोले बेनी बजारका १२ घरमा क्षति



**म्याग्दी–** जिल्ला सदरमुकाम बेनी बजार पछाडि रहेको पाखोबाट बुधबार राति र बिहीबार बिहान खसेको पहिरोले १२ घरमा क्षति पुऱ्याएको छ । कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको बेनी नगरपालिका–८ को न्युरोडमा खोरियाको पाखोबाट पहिरो खसेर १२ घरमा क्षति पुऱ्याएको हो ।

छ वटा घरभित्र पहिरोसँगैको लेदो पसेर बस्न नमिल्ने भएका छन् भने छ घरमा आंशिक क्षति पुगेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिए । 'बुधबार दिउँसोदेखि बिहीबार बिहानसम्म तीन पटक पहिरो खसेको छ । पाखोमा रहेका मुहानबाट बगेको भूमिगत पानीसँगै खसेको पहिरोबाट जोखिममा रहेका नागरिकलाई सुरक्षित ठाउँमा सारिएको छ,' उनले भने, 'थप क्षति हुन नदिनका लागि प्राविधिक टोलीको अध्ययनसँगै पहिरो पन्छाउने र पानी तर्काउने काममा जुटेका छौं ।'

बेनीको न्युरोडका बासिन्दाले बुधबार राति घर छाडेका थिए । कृषि विकास बैंक र ग्लोबल आइएमई बैंकका शाखा कार्यालयका महत्त्वपूर्ण सामग्री र कागजपत्र पनि सुरक्षित ठाउँमा सारिएको नगरप्रमुख केसीले जानकारी दिए । बिहानदेखि नेपाली सेना, नेपाल प्रहरी र सुरक्षाकर्मीहरूको टोलीले पहिरोको जोखिममा रहेका घरभित्रबाट सामान सारिरहेका छन् ।

पहिरोको त्रासका कारण न्युरोडबासी रातभर जाग्राम बसेका स्थानीय चिरञ्जीवी शर्माले बताए । पहिरो प्रभावित घरका डेरामा बस्नेहरूलाई खानाको व्यवस्था मिलाइएको बेनी नगरपालिका–८ का वडाध्यक्ष उत्तम कर्माचार्यले बताए । पछिल्लो चार दिनयता पहिरोले जमिन चिरा पार्ने क्रम बढेकामा बुधबारदेखि पहिरो खस्न थालेको उनले बताए ।

वडाध्यक्ष कर्माचार्यका अनुसार करिब ३०० मिटर उचाइ, ५०० मिटर चौडाइ र १०० मिटर लम्बाइमा खरबारी चिराचिरा परेर फुटेको छ । 'पाखाका रूखहरू लडेका र ढल्किएका छन् । पानीको मुहान भएको ठाउँबाट सुरु भएको पहिरोले तल र माथि दुवैतर्फ असर गरेको छ । बेनी बजारमा खानेपानी आपूर्ति गराउने मुख्य पाइपलाइन पनि चुँडिएका र ठाउँठाउँमा भाँचिएका छन्,' उनले भने ।

यो पहिरोले बेनीको न्युरोड र गणेशटोल क्षेत्रका करिब १०० घरलाई प्रभावित बनाउने जोखिम छ । म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले पहिरो प्रभावित क्षेत्रको प्राविधिक अध्ययनका लागि तत्काल भूगर्भविद्को टोली पठाउन सम्बन्धित निकायमा पत्राचार गरिसकेको बताए । भूगर्भविद्हरूको सुझावका आधारमा पहिरोको थप क्षति आकलन गर्न सकिने बताउँदै उनले सम्भावित जोखिम र क्षति हुन नदिनका लागि सावधानी अपनाउन बेनी बजारवासीलाई आग्रह गरे । *रासस*

## अभिभावक गुमाएका बालबालिकालाई आवासीय शिक्षा

मकवानपुर (प्रस)– भोटेकोशी बाढीका कारण अभिभावक गुमाएका बालबालिकाको शिक्षा, संरक्षण र भविष्य सुनिश्चित गर्न बागमती प्रदेश सरकारले आवासीय शिक्षा कार्यक्रम अघि बढाएको छ ।

विनाशकारी बाढीबाट अभिभावकविहीन बनेका बालबालिकालाई सुरक्षित आवाससहित कक्षा १२ सम्म निःशुल्क शिक्षा दिने निर्णय कार्यान्वयनका लागि आवश्यक कार्यविधि संशोधन र व्यवस्थापनको प्रक्रिया अघि बढाइएको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री सरल सहयात्री पौडेलले जानकारी दिए । मन्त्री पौडेलका अनुसार मन्त्रालयले आवासीय शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधिमा आवश्यक रायसहित सहमति दिएको छ । विपद्बाट प्रभावित बालबालिकाको वास्तविक अवस्था र आवश्यकतालाई सम्बोधन गर्ने गरी कार्यविधिलाई थप व्यावहारिक र प्रभावकारी बनाउन सुझाव दिइएको उनले बताए । प्रदेश मन्त्रिपरिषद्ले यसअघि नै रसुवा, नुवाकोट, धादिङ र चितवनमा बाढी तथा विपद्का कारण अभिभावक गुमाएका बालबालिकाको शिक्षा, आवास र संरक्षणको जिम्मेवारी प्रदेश सरकारले लिने निर्णय गरेको थियो ।

बाढीका कारण बालबालिकाको पढाइ प्रभावित नहोस् र उनीहरूको भविष्य अन्योलमा नपरोस् भन्ने उद्देश्यले आवासीय शिक्षा कार्यक्रम सञ्चालन गर्न लागिएको हो । कार्यक्रमअन्तर्गत विद्यालय भर्ना र पढाइसँगै आवास, खानपान, स्वास्थ्य, सुरक्षा, संरक्षण, मनोसामाजिक सहयोग तथा निरन्तर हेरचाहको व्यवस्था गरिने छ ।

प्रदेश सरकारले बाढीपछि अभिभावकविहीन बनेका बालबालिकाको विवरण संकलन गरिरहेको जनाएको छ । बाढीबाट घरबार तथा विद्यालय पनि प्रभावित भएका बालबालिकाको अवस्था पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउने तयारी गरिएको छ । प्रदेशको शिक्षा विकास निर्देशनालयले 'सामुदायिक विद्यालयमा आवासीय कार्यक्रम व्यवस्थापन कार्यविधि, २०८३' सार्वजनिक गरिसकेको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/१६**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०५/३१ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **किराणा डायग्नोस्टिक सेन्टर प्रा. लि**. (प्रा.लि.नं. ३८५४८९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **रोजवड डायग्नोस्टिक सेन्टर प्रा. लि**. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### हकदावीको सूचना

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला बिहारी ना.पा.वडा नं.०२ बस्ने श्री रामफल मण्डलको नाती, श्री राम वोधन मण्डल धानुकको छोरा, श्री रूद्रनारायण मण्डल धानुकको मिति बि.सं.२०८२/०३/२६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नः ३११००५०००३७०९ (नयाँ खाता: २९४०५२५००००५६७) मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजकी श्रीमती रूको देवी यादवले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | शाखा कार्यालय, मिथिला बिहारि | फोन नं.:-९८०७८८१२६२/९८०१६२३४००

## पृथक बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय : कोटेश्वर–३२, काठमाडौं, फोन नं ०१–४६११६९२
सेवा केन्द्र : कागेश्वरी मनोहरा–९, सनराइज चोक, काठमाण्डौं फोन नं ०१–५९१०५११

### गोप्य शिलबन्दी बोलपत्रद्धारा धितो लिलाम विक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/१६ गते**

यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लङ्घन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम विक्री सम्बन्धी **मिति २०८३/०४/२२ गते प्रथम पटक ३५ दिने र २०८३/०५/३१ गते दोस्रो पटक १५ दिने सूचना** प्रकाशित गरिएकोमा उक्तः सूचनाको म्यादभित्र समेत ऋणीले कर्जा चुक्ता नगरेको तथा लिलाम विक्री हुन समेत नसकेको हुँदा पुनः यो ७ दिने धितो लिलामी सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम ७ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ८औं दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफूले लिएको कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ति पुनः लिलाम विक्री वा यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भयो वा मेरो, हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहिकतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको कार्य धितो लिलाम विक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालोसुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण | ऋणीको तस्बिर | धनजमानी | धितो विवरण |
|---|---|---|---|
| **नाम : कल्पना अधिकारी सुवेदी**<br>बुवा : बाबु राम अधिकारी<br>बाजे : जयपति अधिकारी<br>ना.प्र.नं : ७२८४०/२११०१७<br>मिति : २०५४/०७/२४<br>कर्जा शिर्षक : व्यापार<br>स्थायी ठेगाना : साँघुटार-०८, रामेछाप<br>हालको ठेगाना : काठमाण्डौ-३२, कोटेश्वर |  | श्री पदमलाल सुवेदीको नाति<br>श्री ङणद्र राज सुवेदीको छोरा<br>रामेछाप न.पा.साँघुटार-८<br>घर भई हाल काठमाडौं<br>न.पा.कोटेश्वर-३२, मा बस्ने वर्ष ५० को **श्री उत्तम प्रसाद सुवेदी**<br>ना.प्र.नं. २५७३६-२११०१७<br>मिति २०५१/०९/०७<br>जि.प्र.का. रामेछाप | **कल्पना अधिकारी सुवेदी**को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर ताथली वडा नं ८ स्थित कित्ता न. १४३६, क्षेत्रफल ०-५-०-१ रोपनी १६०.९४ वर्ग.मि को जग्गाले चर्चेको लिग लगापात समेत । |

**धितो लिलाम विक्री सम्बन्धी शर्तहरू :**

१. बोलपत्र फारम यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रु १०००/- (फिर्ता नहे) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको सिटिजन्स बैंकको कोटेश्वर शाखामा रहेको खाता नं. ००९०१०००००५१४२०१ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम विक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मूल्याङ्कन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संस्थाको कार्यालय कोटेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखी जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र कार्य रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी कार्य कार्य गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले कार्य रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरूप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन ।
१०. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिउँसो कार्यालय सञ्चालन समय भित्र संस्थाको कार्यालय कोटेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । यदि ८ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ७ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।


**मलेसियामा रोजगार** — कम्पनी : TALAPIA AGRO STATION
पूर्व स्वीकृति मिति : २०८३/०८/१२ | LT. No. 348452 | चलानी नं. ६०२६१९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 6 | 0 | 1700 | ६४,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
**POWER EMPLOYMENT PVT.LTD.**
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com

**कुवेतमा रोजगार** — कम्पनी : Royal Mash Company For General Building Cleaning Cervices
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348826 | चलानी नं. ६०२६१९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 5 | 120 | ५९,९६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १५७१/०७९/०८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Basundhara, Kathmandu; Tel: 01-5925496
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : ANNABELLE BEAUTY SALON CO. FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348803 | चलानी नं. ६०२६१९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ७४,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Govt. License 1723/081/082
**Sultan Gulf Overseas Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

**युएइमा रोजगार** — कम्पनी : EMIRATES RESOURCES LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348808 | चलानी नं. ६०२६१९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Helper | 75 | 0 | 1500 | ६२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mason | 25 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 3. | Building Steel Fixer | 25 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 4. | Carpenter Shuttering | 25 | 0 | 1500 | ६२,७८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**AL-HARMAIN H.R. PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74

**मलेसियामा रोजगार** — कम्पनी : DOUBLE THREE SECURITY SVS SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 323517 | चलानी नं. ६०२३७६५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | security guard | 6 | 0 | 1700 | ६३,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १५८८/०७९/८०
**BORDER CROSS HUMAN RESOURCE PVT. LTD.**
Kathmandu- 16, Balaju, Nepal, +977-15915383, 9841064035 Narayan Naharki
Email: bordercross1588@gmail.com | info@bordercross.com.np, Website: www.bordercross.com.np

**साउदीमा रोजगार** — कम्पनी : BAWAN AL EMAAR CONTRACTING COMPANY LTD.
पूर्व स्वीकृति मिति :२०८३/०६/१५ | LT. No. 348822 | चलानी नं. ६०२६१९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | office and facility cleaner | 60 | 0 | 1000 | ४०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १८०३/०८२/०८३
**Globe Asia Air International Overseas Pvt. Ltd**
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9863184127
E-mail: info@globeasiaoverseas.com.np

**कुवेतमा रोजगार** — कम्पनी : CHINA HEALTH SPA COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No.348835 | चलानी नं. ६०२६१९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage/Beauty Therapist | 0 | 2 | 150 | ७४,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

LIC No. 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

**मलेसियामा रोजगार** — कम्पनी : AZAM ARMADA SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348829 | चलानी नं. ६०२६१९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 200 | 0 | 1700 | ६३,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १८४३/०८२/०८३
**NEELKANTHA PLACEMENT AGENCY PVT. LTD.**
MARGA, BUDANILKANTHA-08, KATHMANDU,Landline:+977-01-5927157 Bibek Gadtoula: 9851354055 ,Yadav Lamichhane: 9851002903email: info@neelkanthaplacement.com

**युएइ/कुवेतमा रोजगार** — कम्पनी : ALBORZ TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348811 | चलानी नं. ६०२६१९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 1 | 0 | 1500 | ६२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSIT. PLUMBER | 2 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 3 | SCAFFOLDER | 3 | 0 | 1500 | ६२,७८४ | | | | | | | |

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 344502 | चलानी नं. ६०२५७७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 10 | 200 | ९९,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Make Up | 0 | 4 | 150 | ७४,९६० | | | | | | | |
| 3. | Manicurist/pedicurist | 0 | 5 | 150 | ७४,९६० | | | | | | | |
| 4. | Nail Technician | 0 | 5 | 150 | ७४,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# प्रभाव दैनिक

शुक्रबार, १६ असोज २०८३ (Friday, 02 October 2026)


## रूपशाला

### गायिका मेलिना राईलाई पितृशोक

चर्चित गायिकाद्वय मेलिना राई र जुनु राईलाई पितृशोक परेको छ। मेलिना र जुनुका बुवा संगीतकार जिवेश चाम्लिङ राईको बुधबार राति उपचारका क्रममा निधन भएको हो। संगीतकार बसन्त सापकोटाका अनुसार संगीतकार राईको बुधबार राति ह्याम्स हस्पिटलमा उपचारका क्रममा निधन भएको हो। 'संगीतकार जिवेश चाम्लिङ राईज्यूको गए राति ह्याम्स हस्पिटल धुम्बाराहीमा उपचारको क्रममा दुखद निधन भएको खबरले स्तब्ध छु। बहिनीहरूलगायत सम्पूर्ण परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् कामना गद्र्छु,' सापकोटाले सामाजिक सञ्जालमा लेखेका छन्। संगीतका राई केही समयदेखि अस्वस्थ रहेको उनका आफन्तले बताएका छन्।



# मनाइयो चलचित्र दिवस

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालको पहिलो चलचित्र 'आमा' प्रदर्शन भएको दिनको स्मरणमा बिहीबार दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाइएको छ। चलचित्र विकास बोर्डले देशमा पछिल्लो समय आएको विपत्तिका कारण कुनै औपचारिक कार्यक्रम आयोजना नगरी आन्तरिक रूपमा शुभकामना आदानप्रदान गरी दिवस मनाएको हो।

भोटेकोशी नदीमा गएको बाढीलगायत मौसमजन्य विपत्तिका कारण मुलुकका विभिन्न क्षेत्र प्रभावित भएकाले यस वर्ष दिवसलाई औपचारिक कार्यक्रम नगरी मनाइएको चलचित्र विकास बोर्डका सदस्य-सचिव सविनसिंह चौधरीले जानकारी दिए। दिवसका अवसरमा बोर्डका कार्यवाहक अध्यक्ष रविलाल शर्मा र सदस्यसचिव चौधरीसहित कर्मचारीहरूको सहभागिता थियो।

दोस्रो राष्ट्रिय चलचित्र दिवसका लागि चलचित्र विकास बोर्डले 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नारा तय गरेको छ। दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै बोर्डका कार्यवाहक अध्यक्ष शर्मा भने, 'नेपालको पहिलो चलचित्र 'आमा' सार्वजनिक प्रदर्शन भएको दिनको विशेष स्मरणमा हरेक वर्ष असोज १५ गतेलाई राष्ट्रिय चलचित्र दिवस मनाउने नेपाल सरकारको निर्णयअनुरूप आज नेपाली चलचित्र इतिहासकै एउटा गौरवशाली र ऐतिहासिक क्षणमा चलचित्र विकास बोर्डबाट 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नाराका साथ दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाउने निधो भएको हो।'

'आजको यस विशेष दिनमा हामीले विगतको समीक्षा गर्दै वर्तमानका चुनौतीलाई चिरेर नेपाली चलचित्रको भविष्यलाई अझ बढी मर्यादित, व्यावसायिक र प्रविधिमैत्री बनाउने संकल्प गर्नुपर्छ,' कार्यवाहक अध्यक्ष शर्माले भने, 'नेपाली माटोको सुगन्ध, हाम्रो मौलिक संस्कृति र सामाजिक यथार्थलाई पर्दामा उतार्दै विश्वमाझ नेपालीपनको पहिचान फैलाउनु हामी सबैको साझा दायित्व हो।' उनले नेपाली चलचित्र उद्योगको चौतर्फी विकास, चलचित्रकर्मीको हकहित संरक्षण तथा नेपाली चलचित्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन चलचित्र विकास बोर्ड नीतिगत सुधार र रचनात्मक कार्यमा निरन्तर रहने प्रतिबद्ध व्यक्त गरे।

कार्यवाहक अध्यक्ष शर्माले नेपाली चलचित्रको जग बसाल्न योगदान पुर्‍याउने अग्रज चलचित्रकर्मीप्रति कृतज्ञता व्यक्त गर्दै विपद्बाट प्रभावित व्यक्ति तथा परिवारलाई सरकारले सुरु गरेको राहत तथा पुनःस्थापनाको कार्यमा सक्दो सहयोग गर्न बोर्ड सम्बद्ध सबैमा आग्रह गरे। यसैबीच सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सम्पूर्ण नेपाली चलचित्रकर्मी, कलाकार, निर्देशक, निर्माता, प्राविधिक तथा चलचित्र क्षेत्रसँग आबद्ध सबैमा शुभकामना व्यक्त गरेका छन्।

चलचित्र दिवसका अवसरमा जारी गर्नुभएको शुभकामना सन्देशमा मन्त्री तिमिल्सिनाले नेपाली चलचित्रलाई कला, संस्कृति, मौलिकता र राष्ट्रिय पहिचान उजागर गर्ने महत्वपूर्ण माध्यमका रूपमा उल्लेख गरेका छन्। नेपाली समाजका कथा, सम्वेदना र सृजनशीलतालाई पर्दामार्फत प्रस्तुत गर्दै चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनमा नेपाली चलचित्रकर्मीले पुर्‍याएको योगदानप्रति उनले उच्च सम्मान व्यक्त गरेका छन्। राष्ट्रिय चलचित्र दिवसले नेपाली चलचित्रको इतिहास, योगदान र वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी दिनमा चलचित्र क्षेत्रलाई अझ व्यवस्थित, व्यावसायिक र विश्व बजारमा प्रतिस्पर्धी बनाउने दिशामा प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ।

## रंगशाला

# अन्ततः साफबाट बाहिरियो नेपाल

## एन्फा निलम्बनमा परेपछि ६ टोलीमात्रै सहभागी हुने



■ प्रभाव संवाददाता

**काठमाडौं –** दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले नोभेम्बरमा हुने च्याम्पियनसिपमा ६ टोलीले सहभागिता जनाउने पक्का गरेको छ। साफले बिहीबार पुनः खेल तालिका सार्वजनिक गर्दै नेपालबाहेक ६ टोलीले सहभागिता जनाउने पुष्टि गरेको हो। बंगलादेशको राजधानी ढाकामा नोभेम्बर ५ देखि सुरु हुने क्षेत्रीय फुटबल प्रतियोगिताको खेल तालिका १५ दिनअघि नै साफले सार्वजनिक गरिसकेको थियो। तर, अखिल नेपाल फुटबल संघ (एन्फा)माथि फिफाले गरेको निलम्बनको कारण साफले नेपाललाई पनि सम्भावित टोलीको रूपमा कायम राखेको थियो। तर, साफले दिएको समयसिमा (३० सेप्टेम्बर)सम्म पनि निलम्बन फुकुवा नभएपछि साफले ६ टोलीको सहभागितामा नै प्रतियोगिता गराउने भएको हो।

साफका अनुसार साबिक विजेता भारतले उद्घाटन खेलमा पाकिस्तानसँग प्रतिस्पर्धा गर्ने भएको छ। उद्घाटन दिनको दोस्रो खेलमा आयोजक बंगलादेशले भुटानको सामना गर्नेछ। ६ टोली सहभागी प्रतियोगिताको समूह चरणमा तीन खेल हुनेछन्। प्रत्येक दिन दुई खेल सञ्चालन हुनेछन्। समूह 'ए' मा आयोजक बंगलादेश, भुटान र श्रीलंका छन्। समूह 'बी'मा साबिक विजेता भारत, पाकिस्तान र माल्दिभ्स रहेका छन्। बंगलादेशले समूह चरणको आफ्नो दोस्रो तथा अन्तिम खेल नोभेम्बर ११ मा श्रीलंकाविरुद्ध खेल्नेछ। खेल तालिकाअनुसार दुवै सेमिफाइनल नोभेम्बर १४ मा हुनेछन् भने फाइनल नोभेम्बर १७ मा हुनेछ। प्रतियोगिताका सबै खेल ढाकास्थित नेसनल स्टेडियममा सञ्चालन हुनेछन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६०/१२/१८ मा दर्ता भएको **प्रा. लि. नं. २७८०८** को **केडिया सामे प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/१२/२९ मा दर्ता भएको **प्रा.लि. नं. ७२२११** को **सिन्धु प्लाइ उड उद्योग प्रा. लि.** को मिति २०८३/०६/१५ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०८/११ मा दर्ता भएको **प्रा. लि. नं. ४९३०३** को **सुशिल सोप एण्ड केमिकल कण्डष्ट्रिज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६०/१२/०३ मा दर्ता भएको **प्रा. लि. नं. २७५८०** को **भेन्चर सोलुसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावीको सूचना**

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला बिहारी ना.पा.वडा नं.०२ बस्ने श्री पल्ट यादवको नाती, श्री विल्टु यादवको छोरा, श्री विन्देश्वर यादबको मिति बि.सं.२०८२/०८/२४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नः ०२६००५०१७७७८८ (नयाँ खाताः ०१४०५०८०४४१५४४) मा भएको सम्पूर्ण रकम उपलव्ध गराई पाँउ भनि निजकी श्रीमती सबिता देवी यादवले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB | शाखा कार्यालय, मिथिला बिहारि
फोन नं.:-९८०७८८१२६२/९८०१६२३४००



**मलेसियामा रोजगार** कम्पनी : Ferrotec Power Semiconductor Malaysia Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348832 | चलानी नं. ६०२६१९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 60 | 0 | 1700 | ६३,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic No. 1475/074/075
**PEOPLE HRS PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal Tel : 01-4110617
Email :connectus1475@gmail.com, Web : www.peoplehrnepal.org



**साउदीमा रोजगार** कम्पनी : TALAPIA AGRO STATION

पूर्व स्वीकृति मिति : २०८३/०८/१४ | LT. No. 348688 | चलानी नं. ६०२६१९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith LABOUR | 1 | 0 | 1200 | ४९,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



**कुवेत/युएइमा रोजगार** कम्पनी : Sabic International General Trading & Contracting Company | शेवा शुल्क: नि: शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/१४ | LT. No. 348785 | चलानी नं.६०२६१९७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 63 | 3 | 90 | ४४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ace Scaffolding -l.l.c | शेवा शुल्क: नि: शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348557 | चलानी नं.६०२६१९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 2 | 0 | 1500 | ६२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**1. Documentation Oficer - Male/Female**

नोटः Bachelor Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवीलाई विशेष प्राथमिकता दिइने छ।

- तलब सुबिधा आपसी समझदारीमा तय गरिनेछ
- आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ।

1559/079/80
**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES-LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348819 | चलानी नं. ६०२६१९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONCRETE MASON | 50 | 0 | 1500 | ६२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 50 | 0 | 1200 | ५०,२२७ | | | | | | | |
| 3. | STELL FIXER | 50 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 4. | Carpenter | 50 | 0 | 1500 | ६२,७८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८०१/०८२/०८३
**FIVE STAR HUMAN RESOURCES PVT. LTD.**
Chandol-04, Kathmandu, Nepal, Tel : 977-14503100
E-mail : fivestarhumanresources@gmail.com,



**कतारमा रोजगार** कम्पनी : UJOOBA FOR COSMETICS TRADING

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348842 | चलानी नं. ६०२६१९६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 0 | 2 | 1000 | ४२,३०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 3 | 1300 | ५४,९९४ | | | | | | | |
| 3 | Foremen | 1 | 0 | 2500 | १,०५,७५८ | | | | | | | |
| 4 | CASHIER | 2 | 2 | 1500 | ६३,४५४ | | | | | | | |
| 5 | ASSISTANT MARKETTING SPECIALIST | 1 | 0 | 4000 | १,६९,२१२ | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 5700 | २,४१,१२८ | | | | | | | |
| 7 | promoter (female) | 0 | 1 | 5000 | २,११,५१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ देखि २९ गते सम्म (9th to 15th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69
**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : DUNELINE CONSTRUCTION LLC SOC

पूर्व स्वीकृति मिति : २०८३/०६/१४ | LT. No. 348728 | चलानी नं. ६०२६१९२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 2 | 0 | 1500 | ६२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 2 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 3 | Building Labor | 8 | 0 | 1000 | ४१,८५६ | | | | | | | |
| 4 | Building Painters | 2 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 5 | Blacksmith worker | 1 | 0 | 1500 | ६२,७८४ | | | | | | | |
| 6 | Carpenter | 4 | 0 | 1500 | ६२,७८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT LTD | श्रम इजाजत नं.१७५१/०८१/०८२
**SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.**
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np



**कतारमा रोजगार** कम्पनी : DELWAN QATAR

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348754 | चलानी नं. ६०२६१९४०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation Supervisor | 9 | 0 | 2500 | १,०५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Pourer, Metal Castings | 7 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 3 | B/Electrician | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 4 | BLACK SMITH & PIPE FITTER | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 5 | BLACKSMITH & PIPE FITTER | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 6 | Brick Mason | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 7 | Brick Mason | 2 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 8 | Brick Mason /Tile maker | 2 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 9 | Brick Mason/Plaster Worker | 3 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 10 | Builder General | 3 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 11 | BUILDIN WORKER/LABOUR | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 12 | building foreman | 1 | 0 | 2500 | १,०५,४३० | | | | | | | |
| 13 | Building Painter | 3 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 14 | Const/Foremans | 1 | 0 | 2500 | १,०५,४३० | | | | | | | |
| 15 | Construction Site Supervisor | 1 | 0 | 2500 | १,०५,४३० | | | | | | | |
| 16 | Electric | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 17 | G. Plumber | 1 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 18 | IRON WORKER | 14 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 19 | labour maintenance roads | 7 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 20 | Pourer, Metal Casting - General | 6 | 0 | 1200 | ५०,६०६ | | | | | | | |
| 21 | SERVICE AGENT | 4 | 0 | 1500 | ६३,२५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

# ट्रम्पले गरे भारतीय पाइलटको प्रशंसा



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्लाइदुबईको उडानमा सहपाइलटको आक्रमणपछि विमानलाई सम्भावित दुर्घटनाबाट जोगाउन साहस देखाएका भारतीय क्याप्टेन स्मित मच्छरको प्रशंसा गरेका छन् । उनले घटनाबारे इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुसँग कुराकानी गरेको बताउँदै आक्रमणकारी सम्भावित आतंकवादी वा असामान्य व्यक्ति हुन सक्ने टिप्पणी गरेका छन् ।

फ्लाइ दुबईको एफजेड१०७३ उडानमा सहपाइलटले ककपिटभित्र क्याप्टेन मच्छरमाथि छुरा प्रहार गरेपछि विमान हजारौं फिट तल झरेको थियो । त्यसपछि यात्रु तथा चालक दलका सदस्यले हस्तक्षेप गरी आक्रमणकारीलाई नियन्त्रणमा लिएपछि विमानलाई साउदी अरेबियामा सुरक्षित अवतरण गराइएको थियो ।

ट्रम्पले गम्भीर घाइते भए पनि क्याप्टेन मच्छरले ककपिटको ढोका खोल्न सफल भएको र यात्रुहरूले आक्रमणकारीलाई नियन्त्रणमा लिन महत्त्वपूर्ण भूमिका खेलेको बताए । एक इजरायली यात्रुले उडानको कुनै अनुभव नभए पनि ककपिटमा पुगेर आक्रमणकारीलाई पाइलटको सिटबाट हटाउन सहयोग गरेका थिए ।

इजरायली प्रधानमन्त्री नेतान्याहुले यात्रु यानिव हयुनलाई 'साँचो नायक' भन्दै उनको साहसको प्रशंसा गरेका छन् । घटनामा विमानमा रहेका १७४ जनाको ज्यान जोगाउन क्याप्टेन, यात्रु तथा चालक दलका सदस्यको संयुक्त प्रयास महत्त्वपूर्ण भएको इजरायलको विदेश मन्त्रालयले जनाएको छ ।

इजरायलस्थित भारतीय दूतावास तथा भारतका लागि इजरायली राजदूत रुभेन अजारले क्याप्टेन मच्छरको साहस, संयम र कर्तव्यप्रतिको समर्पणको प्रशंसा गर्दै शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । संयुक्त राज्य अमेरिकाका लागि भारतका राजदूत विनय मोहन क्वात्राले पनि उनलगायत अन्य यात्रुको प्रयासले सम्भावित ठूलो दुर्घटना टार्न सहयोग पुगेको बताएका छन् ।

क्याप्टेन मच्छरसँग १३ वर्षभन्दा बढीको व्यावसायिक उड्डयन अनुभव र बोइङ-७३७ विमानमा करिब नौ हजार ७५० घण्टाको उडान अनुभव रहेको बताइएको छ । उनले फ्लाइदुबईमा आबद्ध हुनुअघि भारतीय एयरलाइन्समा ११ वर्ष काम गरेका थिए । घटनाको अनुसन्धान भइरहेकाले फ्लाइदुबईले इजरायल जाने तथा इजरायलबाट हुने उडान अस्थायीरूपमा स्थगित गर्ने जनाएको छ । *रासस/एएनआई*

## मोदीले भने– क्याप्टेन मच्छर 'नायक' हुन्

**मुम्बई–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुबई-तेल अभिभ उडानमा सह-पाइलटसँग विमानको नियन्त्रणका लागि संघर्ष गर्दा घाइते भएका भारतीय क्याप्टेन स्मित मच्छरको साहसको प्रशंसा गरेका छन् । उनले क्याप्टेन मच्छरलाई 'नायक' भन्दै गम्भीर खतराबीच पनि अरूको ज्यान जोगाउन उनले देखाउनुभएको साहस र दृढताको प्रशंसा गरेका हुन् ।

फ्लाइदुबईको उक्त उडानमा रहेका सबै १७४ यात्रु सुरक्षित रहेको एयरलाइन्सले जनाएको छ । सञ्चारमाध्यमका अनुसार तीमध्ये १६६ जना इजरायली नागरिक थिए । विमानमा सहपाइलटसँगको संघर्षका क्रममा क्याप्टेन मच्छर घाइते भएका थिए ।

मोदीले सामाजिक सञ्जालमा जारी गरेको सन्देशमा गम्भीररूपमा घाइते भए पनि क्याप्टेन मच्छरले असाधारण साहस र अटुट संकल्पका साथ अरूको जीवन रक्षा गरेको बताएका छन् । उनको वीरताले ठूलो दुर्घटना रोक्न र सयौंको ज्यान जोगाउन सहयोग पुगेको उल्लेख गर्दै मोदीले क्याप्टेन मच्छरको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

यसअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पनि क्याप्टेन मच्छरको असाधारण बहादुरीको प्रशंसा गरेका थिए । घाइते अवस्थामा पनि उनले विमानमा हुन सक्ने ठूलो दुर्घटना रोक्न संघर्ष गरेको नेतान्याहुले बताएका थिए ।

भारतीय सञ्चारमाध्यमका अनुसार ३० वर्षीय क्याप्टेन मच्छर मुम्बईका हुन् । उनका अभिभावक उपचाररत उनलाई भेट्न साउदी अरेबिया पुगेको बताइएको छ । क्याप्टेन मच्छरले सन् २०२५ मा एक पोडकास्टमा आफ्नो पाइलट बन्ने यात्राबारे बताएका थिए । परिवारको कपडा व्यवसायमा सहयोग गर्न व्यवस्थापन अध्ययन गरिरहेका बेला एउटा सेमिनारमा सहभागी भएपछि आफू उड्डयन क्षेत्रमा आकर्षित भएको उनले बताएका थिए ।

पहिलो व्यावसायिक उडानलाई जिम्मेवारीका कारण चुनौतीपूर्ण अनुभवका रूपमा स्मरण गर्दै उनले उडान क्षेत्रमा काम गर्दा दबाब सामना गर्न सिकेको बताएका थिए । 'तनावले कम्तीमा यस उद्योगमा मद्दत गर्ने छैन,' उनले भनेका थिए । *रासस/एएफपी*

# स्विस हिमनदीमा ५.५ प्रतिशत बरफ घट्यो

**जुरिच–** स्विट्जरल्याण्डका हिमनदीले यस वर्ष आफ्नो कूल बरफको मात्रा ५.५ प्रतिशत गुमाएका छन् । अत्यधिक गर्मी र जाडोयाममा कम हिमपातका कारण बरफ पग्लने क्रम तीव्र बनेपछि यो क्षति अभिलेखमा दोस्रो ठूलो वार्षिक गिरावट भएको विज्ञहरूले बताएका छन् ।



ग्लामोस स्विस हिमनदी अनुगमन सेवा र स्विस एकेडेमी अफ साइन्सेजले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार पछिल्ला पाँच वर्षमामात्रै स्विट्जरल्याण्डका हिमनदीमा रहेको बरफको मात्रा करिब पाँचौं भागले घटेको छ । ग्लामोसका प्रमुख तथा हिमविज्ञानका प्राध्यापक म्याथियास हसले अल्पाइन हिमनदीहरू अहिलेको अवस्थामा लामो समयसम्म टिक्न नसक्ने बताए ।

उनका अनुसार अहिले अनुभव भइरहेको तापक्रम वृद्धि पूर्णरूपमा मानवजन्य जलवायु परिवर्तनसँग सम्बन्धित छ । मानव उत्सर्जन र जीवाश्म इन्धनको प्रयोग नभएको भए अहिलेको जस्तो तापक्रम वृद्धि हुने अवस्था नरहने उनले बताए ।

जाडोयाममा पर्याप्त हिउँ नपर्नु हिमनदीका लागि विशेष चिन्ताको विषय भएको उनले बताए । हिउँले पुरानो बरफलाई पग्लनबाट जोगाउनुका साथै उच्च उचाइमा नयाँ बरफ बन्न आवश्यक आधारसमेत तयार गर्छ । सन् २०२२ मा अत्यधिक गर्मी, कम हिमपात र सहारा मरुभूमिबाट आएको रातो धुलोका कारण स्विस हिमनदीमा अहिलेसम्मकै तीव्र बरफ क्षय भएको थियो ।

यस वर्ष जुलाईदेखि सेप्टेम्बरसम्म स्विट्जरल्याण्डका हिमनदीबाट करिब २२ खर्ब लिटर पानी बराबरको बरफ गुमेको अनुमान गरिएको छ । यो करिब ९१ लाख जनसंख्या भएको स्विट्जरल्याण्डको वार्षिक पानी खपतको चार गुणा हो । स्विट्जरल्याण्डले आफ्नो आधाभन्दा बढी विद्युत् जलविद्युत्बाट उत्पादन गर्ने भएकाले हिमनदीमा भइरहेको परिवर्तन पानीका स्रोत र ऊर्जा उत्पादनसँग पनि जोडिएको छ ।

स्विट्जरल्याण्डका हिमनदीमा यस वर्ष हराएको बरफको मात्रा सन् २००३ को भन्दा कम भए पनि कूल बरफको तुलनामा प्रतिशत क्षति बढी भएको विज्ञहरूले बताएका छन् । सन् २००३ मा कूल बरफको ३.५ प्रतिशत घटेको थियो भने अहिले हिमनदीमा बाँकी बरफको मात्रा २३ वर्षअघिको करिब एकतिहाइ मात्र रहेको छ ।

यस वर्ष कतिपय हिमनदीको औसत मोटाइ २.५ देखि चार मिटर र केही हिमनदीको अगाडिको भागमा बरफको मोटाइ १० मिटरसम्म घटेको पाइएको छ । एलालिन, क्लेरिडेन्ट, रोन र आल्प्स क्षेत्रको सबैभन्दा ठूलो एलेट्स हिमनदी तीव्ररूपमा बरफ गुमाउने हिमनदीमा परेका छन् ।

विज्ञहरूका अनुसार हिमनदी पग्लने प्रभाव स्विट्जरल्याण्डमा मात्र सीमित छैन । स्विट्जरल्याण्डलाई युरोपको 'पानीको टावर' मानिन्छ र डेन्युब, पो, राइन तथा रोनजस्ता महत्त्वपूर्ण नदीका जलस्रोतमा यसको योगदान छ । विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय, ग्रिनल्याण्ड र अन्टार्कटिकासहितका क्षेत्रमासमेत बरफ र हिमनदीमा ठूलो परिवर्तन देखिएको छ । *रासस/एपी*

# इराकबाट अमेरिकी सेना फिर्ता



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इराकमा इस्लामिक स्टेट (आइएसआइएस) विरुद्धको सैन्य अभियान पूरा भएको दाबी गर्दै त्यहाँबाट अमेरिकी सेना फिर्ता भएको घोषणा गरेका छन् । उनले अमेरिकी सेना फिर्तीलाई संयुक्त राज्य अमेरिका र इराक दुवैको विजयका रूपमा चित्रण गरेका छन् ।

ट्रम्पले बिहीबार आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत इराकबाट अमेरिकी सेना फिर्ता भएको घोषणा गरेका हुन् । उनका अनुसार आइएसआइएसलाई परास्त गर्ने अमेरिकी सेनाको मिसन पूरा भएपछि 'अपरेसन इनहेरन्ट रिजोल्व' अन्त्य गरिएको हो ।

उनले इराकबाट अमेरिका फर्किने निर्णयलाई आफ्नो पहिलो कार्यकालमा सुरु गरिएको अभियानको निष्कर्षका रूपमा प्रस्तुत गरेका छन् । ट्रम्पले आफ्नो पहिलो प्रशासनका क्रममा आइएसआइएसलाई पूर्णरूपमा परास्त गरिएको दाबी गर्दै त्यसका लागि आवश्यक सैन्य उपकरण उपलब्ध गराउनुका साथै अमेरिकी सेनाको अस्थायी उपस्थिति स्थायी बन्न नदिने स्पष्ट नीति लिएको बताए ।

ट्रम्पले इराकमा अमेरिकी सेना राखिरहने वा स्वदेश फर्काउनेमध्ये एउटा विकल्प रोज्नुपर्ने अवस्था आएको उल्लेख गर्दै अब अमेरिकी सेना घर फर्कने समय भएको निष्कर्षमा पुगेको बताए । उनले इराकमा नयाँ प्रधानमन्त्रीको नेतृत्वमा नयाँ अवस्था सिर्जना भएको उल्लेख गर्दै आफूले सुरुदेखि नै उनलाई समर्थन गरेको र अहिले पनि पूर्णसमर्थन रहेको बताए ।

यसअघि अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले इराकमा 'अपरेसन इनहेरन्ट रिजोल्व' अन्तर्गतको मिसन अन्त्य भएको घोषणा गरेको थियो । सेन्टकमका अनुसार इराकको इरबिल एयर बेसबाट अमेरिकी सेना तथा सैन्य उपकरण फिर्ता गर्ने काम व्यवस्थित रूपमा सम्पन्न भएको छ। ट्रम्पले अमेरिकी सेना फिर्तीलाई आइएसआइएसमाथिको निर्णायक विजयसँग जोड्दै संयुक्त राज्य अमेरिका र इराक दुवैका लागि उपलब्धिका रूपमा व्याख्या गरेका छन् । *रासस/क्युएनए*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी स्वेच्छिक खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०४/०९ मा दर्ता भएको यस **छानो इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १७१५७८) कम्पनी यस कार्यालयको मिति २०८३/०५/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/२१ मा दर्ता कायम भएको **बोनसाई एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. ७१०७०/०६९/०७०)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**आवश्यकता**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१६)**

मनाङ जिल्ला नाशो गाउँपालिका ताचै गाउँस्थित निर्माणाधीन Chino Khola Hydropower Project का लागि निम्न सङ्ख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन** भित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ ।

**Note : Highly Skilled and Knowledge of both Chinese and English Language will be highly preferable.**

| क्र.सं. | पद | सङ्ख्या | योग्यता र अनुभव |
|---|---|---|---|
| 1. | Assistant of the Site Manager for Mechanical and Electrical Engineer | 3 | Diploma in Engineering or equivalent, at least 3 Years of experience in related field |

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : काठमाडौं तथा आयोजना स्थल
**कार्यरत रहने अवधि** : १ (एक) वर्ष,
**तलव स्केल** : आपसी सहमतिमा
**संलग्न कागजातहरू** : सम्बन्धित कागजातहरू

**Q.Y.E.C Construction Pvt. Ltd.**
**Chino Khola Hydropower Project, Pulchowk- 3, Lalitpur, Nepal**
**Email Address: info@qyecint.com**

**हकदावीको सूचना**

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला बिहारी ना.पा.वडा नं.०४ बस्ने श्री आन्नद यादवकी नातीनी, श्री मोहानी शरण यादवकी छोरी, श्रीमती पावती यादवनीको मिति बि.सं.२०८२/०३/०९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नः ०२६००५०१७५९२५ (नयाँ खाताः ०१४०५०८०४४०२५७) मा भएको सम्पूर्ण रकम उपलव्ध गराई पाँउ भनि निजको छोरा लक्ष्मीनारायण यादवले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | **शाखा कार्यालय, मिथिला बिहारि**
**फोन नं.:-९८०७८८१२६२/९८०१६२३४००**

**ग्लोबल आइएमई बैंक लिमिटेडको**

**धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

**प्रकाशित मिति : २०८३/०६/१६ गतेको प्रभाव राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक ताराताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| लहान शाखा, सिरहा | |
|---|---|
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| **अजय साह**<br>ना.प्र.नं. ६२७, जारी मिति : २०५८/०६/१८, जि. प्र. का. सिराहा<br>बाबुको नाम : जिवछ साह सुडी<br>बाजेको नाम : मनकलाल साह<br>स्थायी ठेगाना : पिप्रा प्र.ध -६, सिराहा<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **रीना कुमारी साह**<br>ना.प्र.नं. १५१०२८/१९३८७, जारी मिति : २०६८/११/१४, जि. प्र. का. सिराहा<br>बाबुको नाम : लक्ष्ण देव साह सुडी<br>पतिको नाम : अजय साह<br>ससुराको नाम : जिवछ साह सुडी<br>स्थायी ठेगाना : पिप्रा प्र.ध -६, सिराहा |
| **धितोको विवरण (जग्गाको विवरण)** | |
| मनकलाल साहको नाती, जिवछ साह सुडीको छोरा, अजय साहको नाममा मालपोत कार्यालय, लाहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको<br>क. सिरहा जिल्ला पिप्रा प्र.ध. गा.वि.स./ न.पा. वडा नं. ९ स्थित कि.नं. ७१९ को क्षेत्रफल ०-१-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>ख. सिरहा जिल्ला पोखरभिण्डा गा.वि.स./ न.पा. वडा नं. ३ स्थित कि.नं. ४८६ को क्षेत्रफल ०-०-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझदो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरिक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ आश्विन २२ गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८३ आश्विन २३ गते**
**समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| २९३३०० | ० | ४४२५ |



**सुन्दर घलेगाउँ** | लमजुङकै पहिलो होमस्टे गाउँका रूपमा परिचित घलेगाउँमा विसं २०५७ मा १२ घरबाट होमस्टे सञ्चालन सुरु भएको थियो । अहिले घलेगाउँमा ४२ घरमा होमस्टे छन् । घलेगाउँ पछिल्ला दिनमा आन्तरिक पर्यटकहरूको प्रमुख गन्तव्य बनेको छ । *तस्बिर: जनक श्रेष्ठ/रासस*

## ‘कृषिलाई उद्योगसँग जोड्ने नीति निर्माणमा केन्द्रित’

■ प्रभाव संवाददाता

**काठमाडौं** – कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कृषि क्षेत्रलाई उद्योग र बजारसँग जोड्दै उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गर्ने नीतिगत सुधारमा सरकार केन्द्रित रहेको बताएकी छिन् । कृषि तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा उनले रासायनिक मलको तत्कालीन व्यवस्थापनसँगै प्रांगारिक तथा जैविक मल प्रवर्द्धनका लागि आवश्यक कार्यविधि निर्माणको काम भइरहेको जानकारी दिइन् ।

मन्त्री चौधरीले रासायनिक मलको आपूर्ति अन्तरराष्ट्रिय बजारमा निर्भर रहेकाले अन्तर्राष्ट्रिय बजारको उतारचढावले नेपालमा समेत असर पर्ने बताइन् । यस वर्षका लागि उपलब्ध रासायनिक मललाई व्यवस्थित गर्ने र आगामी दिनमा उद्योग स्थापना तथा स्वदेशमै उत्पादनको सम्भावनालाई अघि बढाउने गरी काम भइरहेको उनको भनाइ छ ।

मन्त्री चौधरीले कृषि क्षेत्रलाई उद्योगसँग जोड्ने, वन क्षेत्रलाई उद्योगसँग आबद्ध गर्ने तथा काठको वैज्ञानिक उत्पादन र प्रवर्द्धन गर्ने भन्ने विषयमा सम्बन्धित निकाय तथा संयुक्त राष्ट्रसंघीय निकायसँग समेत छलफल भइरहेको बताइन् । काठ उत्पादनका लागि ‘काठको खेती’ को अवधारणालाई समेत अघि बढाउन सकिने उल्लेख गर्दै मन्त्री चौधरीले ती विषयलाई सम्बन्धित ऐनमा समेट्ने गरी काम भइरहेको स्पष्ट पारिन् ।

उक्त अवसरमा मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले माग अनुसारको आपूर्ति नहुँदा रासायनिक मल व्यवस्थापनमा चुनौती रहेको बताए । उनले रासायनिक तथा प्रांगारिक मलको आपूर्ति र वितरण प्रणालीमा सुधारका लागि विभिन्न कार्यक्रम अघि बढाइएको जानकारी दिए ।

रासायनिक मलको माग र आपूर्तिबीच ठूलो अन्तर रहेको उल्लेख गर्दै सचिव मिश्रले भने, ‘हामीलाई करिब आठदेखि साढे आठ लाख टन मल आवश्यक पर्छ, अहिले पाँचदेखि साढे पाँच लाख टनको हाराहारीमा मात्रै आपूर्ति भएको छ ।’

उनले रासायनिक मल वितरण प्रणालीलाई भरपर्दो र सन्तुलित तुल्याउन स्थानीय तहसम्म अनुगमन चुस्त बनाइएको जानकारी दिए । सचिव मिश्रले मल वितरण प्रणालीमा देखिएका कमजोरी सुधारका लागि मन्त्रालय निरन्तर प्रयासरत रहेको बताए ।

## निजी क्षेत्रलाई विद्युत् प्रसारण लाइन प्रयोग गर्ने बाटो खुल्यो

■ प्रभाव संवाददाता

**काठमाडौं**– निजी क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइन प्रयोग गर्न दिने बाटो खुलेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने उद्देश्यका साथ प्रसारण लाइन प्रयोगको बाटो खोलेको हो ।

मन्त्रालय मातहतको विद्युत् नियमन आयोगले आज ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको उपस्थितिमा निजी क्षेत्रलाई राष्ट्रिय विद्युत् प्रसारण तथा वितरण प्रणाली (विद्युत् ग्रिड) को प्रयोग गर्न दिएवापत लिइने दस्तुर (ह्वीलिङ चार्ज) मापदण्ड सार्वजनिक गरेको छ ।

आयोगका अध्यक्ष डा रामप्रसाद धितालकाअनुसार राष्ट्रिय विद्युत् प्रसारण ग्रीड (नेशनल ट्रान्समिसन ग्रीड) को प्रसारण शुल्क गणनासम्बन्धी मापदण्ड बमोजिम शुल्क निर्धारण गरिएको छ ।

मापदण्डअनुसार आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल विद्युत प्राधिकरण अन्तर्गतको राष्ट्रिय विद्युत् प्रसारण ग्रिड

> ‘उक्त शुल्क निर्धारण गर्दा नेपाल विद्युत् प्राधिकरणको आव ०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरण र प्राधिकरणबाट पेस भएको आव ०८२/८३ र ०८३/८४ का लागि वार्षिक आवश्यक आयको अनुमानित विवरण समेतलाई आधार मानी उपरोक्त मापदण्ड बमोजिमको गणना विधि अपनाई प्रसारण शुल्क निर्धारण गरिएको छ ।’

(नेशनल ट्रान्समिसन ग्रिड) मा रहेको प्रसारण प्रणाली उपयोग गर्दा मध्यकालीन र दीर्घकालीन खुला पहुँचका लागि प्रति मेगावाट रु ४.१३ लाख प्रतिमहिना र अल्पकालीन खुला पहुँचका लागि प्रतिकिलोवाट घण्टा ५७ पैसा प्रसारण शुल्क निर्धारण गरिएको अध्यक्ष धितालले बताए ।

अध्यक्ष धितालले आयोगले खुला बजार नीतिअन्तर्गत तेस्रो पक्ष वा निजी क्षेत्रलाई समेत विद्युत् प्रसारण प्रणाली प्रयोग गर्न दिनका लागि यो शुल्क निर्धारण गरेको बताए ।

‘उक्त शुल्क निर्धारण गर्दा नेपाल विद्युत् प्राधिकरणको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरण र प्राधिकरणबाट पेस भएको आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ का लागि वार्षिक आवश्यक आयको अनुमानित विवरण समेतलाई आधार मानी उपरोक्त मापदण्ड बमोजिमको गणना विधि अपनाई प्रसारण शुल्क निर्धारण गरिएको छ,’ उनले भने । अध्यक्ष धितालका अनुसार तेस्रो पक्ष वा निजी क्षेत्रले प्रसारण तथा वितरण लाइन प्रयोग गरेर बिजुली आदानप्रदान गर्न आयोगले तोकेको मापदण्ड र दरअनुसार नेपाल विद्युत् प्राधिकरणलाई ह्वीलिङ चार्ज तिर्नुपर्नेछ ।

आयोगका सदस्य जयराज भण्डारीले राष्ट्रिय विद्युत् प्रसारण ग्रीडअन्तर्गत बाहेकका अन्य रेडियल तथा डेडिकेटेड प्रसारण संरचनाहरूको प्रसारण शुल्क निर्धारण प्रक्रिया सम्बन्धमा आयोगले छुट्टै निर्देशिका जारी गर्नेगरी कार्य भइरहेको बताए ।

## नेप्से परिसूचक स्थिर रहे पनि कारोबार रकम भने बढ्यो

**काठमाडौं (प्रस)**– साताको चौथो कारोबार दिन बिहीबार नेप्से परिसूचक झिनो अंकले बढेको छ । दिनभर कारोबार समयमा नेप्से परिसूचक नकारात्मक थियो । बजारके अन्त्यमा झिनो अंकले सकारात्मक भएर बन्द भएको छ ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ०.२६ अंक बढेर २५९९.१५ विन्दुमा पुगेको छ । सेन्सेटिभ इण्डेक्स ०.१४ अंक, फ्लोट इण्डेक्स ०.१५ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.१२ अंक बढेको छ । १३ मध्ये चार उपसमूहको परिसूचक बढेको छ । बैंकिङ, विकास बैंक, वित्त र जलविद्युत उपसमूहको परिसूचक सामान्य अंक बढेको छ । नेप्सेसँगै कारोबार रकम पनि सामान्य बढेको छ । बुधबार चार अर्ब ७६ करोड रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको थियो । आज चार अर्ब ८९ करोड १८ लाख ७६ हजार रूपैयाँबराबरको एक करोड २० लाख ६५ हजार कित्ता सेयर खरिदबिक्री भएको छ ।

सिद्धार्थ बैंकको ३० करोड ५३ लाख रूपैयाँबराबरको सेयर किनबेच भएको छ । २० प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको यस बैंकले असोज १६ गते बुकक्लोज गर्दैछ । लाभांश सुरक्षित गर्ने आज अन्तिम दिन भएकोले लगानीकर्ताहरू यसतर्फ आकर्षिक भएका हुन् । अपि पावर कम्पनीको करिब २३ करोड रूपैयाँ र हाथवे इन्भेष्टमेन्टको करिब २२ करोड रूपैयाँको शेयर खरिदबिक्री भएको छ । सिन्धु विकास बैंकको शेयरमूल्य सर्वाधिक १०.८१ प्रतिशत बढेको छ । कर्पोरेट डेभलपमेन्ट बैंकको सेयरमूल्य करिब साढे ९ प्रतिशत र इमर्जिङ नेपालको सेयरमूल्य साढे ७ प्रतिशतभन्दा बढी बढेको छ ।

## कर्पोरेट

### टेलिकमले उपलब्ध गरायो टेलिभिजन प्रयोगका लागि भर्चुअल सेट-टप बक्स




**काठमाडौं (प्रस)**– नेपाल टेलिकमले एनटी फाइबरमार्फत उपलब्ध गराइरहेको टेलिभिजन सेवा एनटीटीभीअन्तर्गत स्मार्ट टीभी प्रयोगकर्ताहरूले सेट टप बक्स बिना नै सेवा प्रयोग गर्न सक्नु हुने भएको छ । कम्पनीले हाललाई एन्ड्रोइड टीभीको लागि भर्चुअल सेट-टप बक्स उपलब्ध गराएको छ ।

ग्राहकहरूले आफ्नो एन्ड्रोइडमा आधारित स्मार्ट टीभीमा यो भर्चुअल सेट-टप बक्स प्रयोग गर्न सक्नु हुनेछ । ग्राहकहरूले गुगल प्लेस्टोरमा ‘स्मार्ट एनटीटीभी’ सर्च गरेर इन्स्टल गरी भर्चुअल सेट-टप बक्स प्रयोग गर्न सक्नु हुनेछ । साथै, निकट भविष्यमा सबै स्मार्ट टीभीहरूमा प्रयोग गर्न मिल्ने भर्चुअल सेट-टप बक्स सञ्चालनमा ल्याउने तयारी गरिएको छ । उक्त सेवा थप ग्राहकमैत्री हुने गरी विकास गरिएको छ ।

नयाँ प्याकेज लिने ग्राहकले भर्चुअल सेट-टप बक्स सहितको प्याकेज लिएमा रु. १००० छुट उपलब्ध हुने व्यवस्था गरिएको छ । नेपाल टेलिकमको एनटी फाइबरमार्फत एउटै तारबाट टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा प्रदान गर्दै आएको छ । भर्चुअल सेट-टप बक्स सहितको टेलिभिजन प्रयोग गर्नका लागि कम्पनीले विभिन्न प्याकेज उपलब्ध गराएको छ । वार्षिक र दुई वर्षे प्याकेजहरूमा मोबाइल डाटा सुविधा समेत उपलब्ध छ । यस सम्बन्धी विस्तृत जानकारी कम्पनीको वेबसाइट र ‘नेपाल टेलिकम’ एपमार्फत समेत लिन सकिन्छ ।

### बुटवलमा हुँदैछ पल्सर आरपीएम




**बुटवल (प्रस)** – युवापुस्ताको रुचि, ऊर्जा, सिर्जनशीलता र सडक संस्कृतिलाई एउटै मञ्चमा जोड्दै पल्सर आरपीएम बुटवलमा आयोजना हुने भएको छ । काठमाडौंमा सुरुवात भएको पल्सर आरपीएम अब बुटवलमा आयोजना हुन लागेको हो ।

पल्सर आरपीएम बुटवल शनिबार बुटवलस्थित ढुंगा स्केट-एड स्केट पार्कमा आयोजना हुनेछ । कार्यक्रम दिउँसो २:३० बजेदेखि सुरु हुनेछ । कार्यक्रममा सहभागी हुन कुनै शुल्क लाग्ने छैन । पल्सर आरपीएम बुटवलमा मोटरसाइकल स्टन्ट, बीएमएक्स, स्केटबोर्डिङ, ब्रेकिङ, र्‍याप, डिजे प्रस्तुति, ग्राफिटी लगायत सडक संस्कृतिसँग सम्बन्धित विभिन्न गतिविधि र प्रस्तुति रहनेछन् । यसले बुटवलका युवालाई आफ्नो प्रतिभा, सीप, रुचि र सिर्जनशीलता प्रस्तुत गर्ने तथा विभिन्न विधाका कलाकार र प्रतिभासँग जोडिने अवसर प्रदान गर्नेछ ।

काठमाडौंमा सुरुवात भएको पल्सर आरपीएम राजधानीबाहिर विस्तार हुँदै क्षेत्रीय युवा समुदायसँग प्रत्यक्ष रूपमा जोडिने क्रममा रहेको छ । बुटवलमा आयोजना हुने कार्यक्रमले बुटवलको आफ्नै ऊर्जा, स्थानीय युवा समुदाय र यहाँको सडक संस्कृतिलाई केन्द्रमा राख्दै स्थानीय परिवेशसँग जोडिएको विशेष अनुभव प्रस्तुत गर्नेछ ।

मोटरसाइकल, साहसिक खेल, संगीत र सडक संस्कृतिलाई एउटै मञ्चमा ल्याउँदै पल्सर आरपीएमले प्रदर्शन, आत्मविश्वास, सीप र आत्मअभिव्यक्तिलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ । यसले पल्सरलाई युवाको रुचि, जीवनशैली र संस्कृतिसँग थप नजिकबाट जोड्ने अपेक्षा गरिएको छ । बुटवलमा आयोजना हुने पल्सर आरपीएममा सहभागी हुन सबै युवालाई आमन्त्रण गरिएको छ ।

### एनसेल ग्राहकलाई आइफोन १८ खरिदमा विशेष बन्डल प्याकेज




**काठमाडौं (प्रस)**– एनसेलले नेपालमा एप्पल फोनको आधिकारिक बिक्रेता जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँग सहकार्य गर्दै आइफोन १८ प्रो, आइफोन १८ प्रो म्याक्स र आइफोन डुओ खरिद गर्ने ग्राहकका लागि विशेष बन्डल प्याकेज सार्वजनिक गरेको छ । यो अफर एनसेल प्रयोगकर्ता वा एनसेल सिम लिने नयाँ ग्राहकका लागि उपलब्ध हुने छ। आइफोनका नयाँ मोडल खरिद गर्ने ग्राहकले असीमित डाटा, असीमित लोकल कल, दैनिक १५० वटा निःशुल्क एसएमएस र प्रिमियम कन्टेन्ट हेर्न सकिने ओटीटी प्लेटफर्म लायन्सगेटको सब्सक्रीप्सन प्राप्त गर्नेछन् ।

योजना अनुसार आइफोन १८ प्रो र आइफोन १८ प्रो म्याक्सका प्रथम २०० जना खरिदकर्ताले माथि यी सुविधा तीन महिनासम्म निःशुल्क पाउने छन्। त्यसैगरी आइफोन डुओका पहिलो १०० जना खरिदकर्ताले सोही सुविधा छ महिनासम्म अतिरिक्त शुल्कबिना नै उपभोग गर्न पाउने छन् ।

‘जेनेरेसन नेक्स्ट कम्युनिकेसन्ससँगको साझेदारीमा आइफोनका नयाँ मोडल खरिद गर्ने ग्राहकलाई यो विशेष अफर उपलब्ध गराउन पाउँदा हामी हर्सित छौं। व्यवहारिक मूल्य र डिजिटल जीवनशैलीलाई बल दिने एनसेलको प्रतिबद्धता अनुरूप यो योजनाले देशैभर रहेका हाम्रा प्रयोगकर्तालाई जहाँसुकै भरपर्दो कनेक्टिभिटी उपलब्ध गराउनेछ,’ एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने । ‘प्रिमियम डिभाइससँग भरपर्दो मोबाइल सेवालाई जोडेर हामी सञ्चार र मनोरञ्जनलाई अझ सरल र फलदायी बनाउन चाहन्छौं ।’

हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत् उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामाग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङ्मा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामाग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ